# संघीय संसद

# राष्ट्रिय सभा

# सत्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ८ चैत्र २०८१

# शुक्रवार

# बैठक सङ्ख्या- १५

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको ११:१८ बजे प्रारम्भ भयो ।

(११:१८ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, "शून्य समय" मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य उदय बहादुर बोहरा।

(११:१८ बजे) <u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्षज्यू, नेपाल खुल्ला विश्वविद्यालयले एलएलबि दोस्रो वर्षको परीक्षा २०८१ जेष्ठ महिनामा लिएको। एलएलबिको परीक्षामा नतिजा हालसम्म प्रकाशन गर्न नसकेको र तेस्रो वर्षको कोर्स सकिएको असोज महिनामा र परीक्षाको समय तालिका हालसम्म निकाल्न नसकेकोले त्यहाँका विद्यार्थीहरू अन्योलमा र उनको भविष्यको पनि एउटा अन्योलमा परेको देखिन्छ र त्यहाँको V.C., रजिष्ट्रार, डिन आ-आफ्नै गुटबन्दीमा रमाइरहेका छन्। म सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। र यो समयमा विश्वविद्यालयले यो परीक्षा लिने काम गरोस र विद्यार्थीको भविष्य अन्योलमा नपारोस्। धन्यवाद।

(११:१९ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य गोमा देवी तिमल्सिना।

(११:१९ बजे) **<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्षज्यू, "मानिस ठुलो दिलले हुन्छ जातले हुँदैन दलित भनी उठीवास लाउन कानुनले दिँदैन।" यो वाक्यांश भनिरहँदा सबैले बुझ्यो सिराहामा महायज्ञ लगाउने निहुँमा दलितलाई देखिन्छ रे भनेर जनता आवास कार्यक्रम अन्तर्गत बनेको घर पालिकाका गाउँपालिकाका अध्यक्षको नेतृत्वमा अझ पालिका कै डोजरले दलितको घर भत्काएर उठीबास लगाइएको छ। यी अध्यक्ष लगायत त्यहाँ सम्बन्धित सबै यी ढोंगी पत्रु बाबा लगायत सबैलाई सरकारले नियन्त्रणमा लिएर कारवाही गरोस् भन्ने म अध्यक्षज्यू मार्फत सरकारसँग अनुरोध गर्न चाहन्छु। धन्यवाद।

(११:२० बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य जयन्ती देवी राई।

(११:२० बजे) **<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, भर्खरै काठमाडौं टोखामा बरामद गरिएको रु. २५ करोड जुन अमेरिकन डलर र युरो ट्रकबाट चाहिँ बरामद गरिएको छ र चालकलाई चाहिँ हामीले त्यसलाई चालकलाई बन्द गरिएको छ थुनिएको छ। र म यो सम्मानित सभामार्फत अध्यक्ष मार्फत म यो भन्न चाहन्छु कि त्यो कहाँबाट आएको? कसको लागि आएको? के कामको लागि आएको? कसलाई पठाइएको? यसको तुरुन्तै छानबिन गरी सत्य तथ्य त्यसको चाहिँ प्रतिवेदन अथवा सत्य तथ्य कुराहरू यो सदनमा ल्याइयोस् भन्ने म सरकारलाई आग्रह गर्न चाहन्छु। र अर्को सिराहा जिल्लाको औरही गाउँपालिकामा यही १७ गतेदेखि शुरु हुने विष्णु महायज्ञको नाममा चाहिँ त्यहिँ गाउँपालिकाको अध्यक्षद्वारा चाहिँ त्यहाँ जुन दलित दलित दिपक मरीक डोमको घर भत्काइएको छ डोजर लाएर भत्काइएको छ। त्यसकारणले त्यो घटनाको छानबिन गरियोस यो सरकारले तुरुन्तै गरोस् ..... (समय सकिएको)

(११:२१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(११:२२ बजे) <u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>:- सम्मानननीय अध्यक्षज्यू, सिराहा जिल्लाको औरही ५ मा दिपक मरिक डोम। उहाँको चाहिँनी घर गाउँपालिका अध्यक्षको नेतृत्वमा त्यहाँ भत्काइएको छ र त्यहाँ विष्णु महायज्ञ लगाउने नाममा छेउमा चाहिँनी दलितहरु आउन नहुने र उनीहरु हिँडडुल गर्न नहुने भनेर उनको घरलाई भत्काएर त्यहाँ चाहिने एउटा जातीय छुवाछुत र भेदभावको चरम नमूना देखाइएको छ त्यसैले सरकारले तुरून्त त्यो अपराधीहरुलाई पक्राउ गरेर हदैसम्मको कारवाही गरोस् र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरोस् भन्ने मैले माग गर्न चाहन्छु। धन्यवाद।

(११:२३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य दुर्गा गुरुङ।

(११:२३ बजे) <u>माननीय श्री दुर्गा गुरुङ (नेपाली काँग्रेस)</u>:- सम्मानननीय अध्यक्षज्यू, नागरिकको जीवन अस्तव्यस्त जस्तो भएको छ। यसै अवसर पारेर केही व्यक्तिहरूले आफ्नो स्वार्थका लागि जनताहरूको आँखामा धुलो छर्ने काम गरेका छन् । लोकतन्त्र गणतन्त्रका लागि ज्यान गुमाएका हजारौं सहिदहरूका परिवार सदस्य र अभिभावक गुमाएका पीडितहरुको घाउका खाटा अझै ओभाएका छैनन्। खुकुरीको चोट अचानोलाई मात्र थाहा हुन्छ भनेझैं म र मेरो बच्चाले श्रीमान र बाबा अभिभावक गुमाएको पीडा छ आज फेरि पुरानै सत्ताका बारेमा कुरा उठ्न पनि गलत हो। सरकार जनताको प्रतिनिधित्व हो। सरकारले हाम्रो समस्या देख्छ, सुन्छ र जनताका आवश्यकतालाई सम्बोधन गर्दछ भनी विश्वास जगाउन सकिएको छैन। राजनीतिक दलले उठाउनुपर्ने विषय राजनीतिक दलले उठाउनु पर्‍यो। सरकार जनता प्रति उत्तरदायित्व भएर ..... (समय सकिएको)

(११:२४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य भुवन बहादुर सुनार।

(११:२४ बजे) <u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, सिराहाको औरही गापा ५ का दलित समुदायका दिपक मरीकको जनता आवास कार्यक्रमले बनाएको पक्कीघर विष्णु महायज्ञ लगाउने भनी डोजर लगाईं भत्काइएको छ। महायज्ञ मण्डप वरिपरि दलित बस्न यताउता गर्न नहुने भन्दै माटोसहित फालिएको हो। पालिका अध्यक्ष शिवजी यादव र बजरङ्गी बाबा जिम्मेवार छन्। स्थानीय

प्रहरीको मौन समर्थन छ। त्यसैले सबै घटना लिएर उच्चस्तरीय संसदीय छानबिन समिति गठन गर्न बेजोड माग गर्दछु। धन्यवाद।

(११:२५ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य मदन कुमारी शाह "गरिमा"।

(११:२५ बजे) <u>माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्षज्यू, नेपाल विशेष मधेशमा दलित र महिलामाथि निरन्तर शृंखलाबद्ध अपराध भइरहेका छन्। पछिल्लो घटनामा सिराहाको औरही गाउँपालिकाका अध्यक्ष शिवजी यादव, जनमत पार्टीका नेता दिलिप यादव र महायज्ञका आयोजक बजरङ्गी बाबाको प्रत्यक्ष संलग्नतामा महायज्ञ लगाउने गाउँमा दिपक मरीकको घर भत्काउने निकृष्ट काम भएको छ। जातीय भेदभाव उन्मुलन भएको १८ वर्ष पछि पनि यस्ता जातीय विभेदका घटना घट्नु लज्जास्पद र खेदजनक छ। छानबिन गरी दोषी माथि कारबाहीका लागि सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारसँग जोडदार माग गर्दछु।

सम्माननीय अध्यक्षज्यू, गत साउन ९ गते भएको सौर्य जहाज दुर्घटनामा छोरी, ज्वाइँ र नाती गुमाएका प्रकाश खतिवडाले दुर्घटनामा ज्यान गुमाउने १८ जनाको न्यायको लागि SMS आन्दोलन चलाइ राखुभएको छ। सम्माननीय अध्यक्षज्यू मार्फत सरकारलाई सोध्न चाहन्छु मर्मत सम्भार गर्न लगिदै गरेको जहाजले ५ जना प्राविधिक मात्र बोक्नुपर्नेमा १८ जना किन र कसरी बोक्यो? यसको सम्बन्धित अध्ययन कहाँ पुग्यो? सत्य तथ्य सभालाई जानकारी गराउन माग ..... (समय सकिएको)

(११:२६ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य युवराज शर्मा।

(११:२६ बजे) <u>माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)</u>ः- सम्माननीय अध्यक्षज्यू, माननीय उद्योग मन्त्रीज्यूको जवाफदेहिता उद्योगी प्रतिमात्र होइन बरु मजदुर, उपभोक्ता र आमजनता र संसद प्रति पनि उत्तिकै हो भन्ने कुरा सम्माननीय अध्यक्षज्यू मार्फत माननीय उद्योग मन्त्रीलाई सचेत गराउन चाहन्छु। त्यस्तै यज्ञको नाममा गरिब दलित श्री दिपक मरिक डोमको उठिबास लगाउने काम संविधान र कानुन विपरीत हो। यस्तो काममा संलग्न सबैलाई कानुनको दायरामा ल्याई कारबाही गर्न सम्माननीय अध्यक्षज्यू मार्फत सरकारसँग माग पनि गर्दछु। धन्यवाद।

(११:२७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, अब खानेपानी मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम सुरु हुन्छ। माननीय सदस्यहरू, माननीय मन्त्रीले उत्तर दिनु भएपछि प्रश्नकर्ता माननीय सदस्यले चाहेमा आफ्नो प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही १ मिनेटभित्र पूरक प्रश्न सोध्न सक्नुहुने व्यहोरा समेत जानकारी गराउँछु।

माननीय सदस्यहरू, माननीय खानेपानी मन्त्री प्रदीप यादवलाई माननीय सदस्यले सोध्नु भएको प्रश्नको जवाफ दिनको लागि रोष्ट्रममा आउन आग्रह गर्दछु। माननीय सदस्यहरू, अब प्रश्नकर्ता माननीय सदस्य भुवन बहादुर सुनारलाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(११:२८ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत माननीय मन्त्रीज्यूलाई मेरो प्रश्न यस प्रकार छ। पहाडमा मात्र होइन तराईमा पनि खानेपानीको हाहाकार बढ्दै छ। पानीको मूल सुक्दै गएको छ। यसको कारण मध्ये चुरे दोहन एउटा कारण मानिन्छ। खानेपानी व्यवस्थापनमा देखिएको समस्या दीर्घकालीन रुपमा समाधान गर्न मन्त्रीज्यूको के कस्तो नीति तथा योजना छ? स्पष्ट पारिदिनुहुन अनुरोध गर्छु धन्यवाद।

(११:२८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय मन्त्रीज्यू।

(११:२८ बजे) **माननीय खानेपानी मन्त्री श्री प्रदीप यादवः**- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूको प्रश्न सान्दर्भिक छ। उहाँले पहाडमा मात्र होइन तराईमा पनि खानेपानीको हाहाकार बढ्दै गएको छ। र पानीको मूल सुक्दै गएको छ। तराई मधेशको पनि भूमिगत पानीको सतह सुख्दै गएको छ। र यसका कारण चुरे दोहन पनि बताउनु भएको छ। र यसका लागि खानेपानी मन्त्रालयले दीर्घकालीन र तत्कालीन प्लान के छ भने कोइसन गर्नुभएको छ। निश्चित रुपमा खानेपानी मन्त्रालयले सुख्खा मौसमसँगै वर्षा नहुनजेलसम्म तराई मधेसमा खानेपानीका चापाकल, नदीनाला, सुखी पानीको हाहाकार हुन सक्ने समस्या सम्बोधनको लागि तत्कालै डिपट्युबवेलबाट खानेपानी आयोजनाहरू प्रभावकारी रूपमा सञ्चालन गरी खानेपानी आपूर्ति बढाउने योजना खानेपानी मन्त्रालयको रहेको छ। र त्यसको लागि तराई मधेशका अधिकांश जिल्लाहरूमा तत्काल समस्या समाधान गर्न सम्बन्धित आयोजना कार्यालयहरूबाट डिप

बोरिङको आयोजनाहरू सुरु भइसकेको छ केही सम्पन्न पनि भइसकेछ। र केही पाइपलाइनमा पनि छ। त्यसको लागि कार्यहरू अगाडि बढेको छ। र तपाईं हामीलाई अवगत नै छ कि झापादेखि लिएर महेन्द्रनगरसम्म तराई मधेशका अधिकांश जिल्लाहरूमा २८० वटा ओभरहेड टयाङ्क जुन सङ्घीय खानेपानी मन्त्रालयको अन्तर्गतमा छ। त्यो बनेर रेडी छ। तर कुनै पाइप सानो पाइपको लागि ट्रान्सफर्मरको लागि चाहिँ त्यो सञ्चालनमा छैन। यसपाली खानेपानी मन्त्रालयले त्यस्ता योजनाको लागि अगाडि बढेको छ। र ०८२/०८३ यानेकी एक वर्षभित्रैमा आगामी जुन ०८२।०८३ को बजेट बनाइराखेका छौं। त्यसमा २८० वटा खानेपानी आयोजना जुन पहिलादेखि नै बनेर रेडी छ। सानो पैसाको लागि त्यो चाहिँ नागरिकलाई पानी दिइरहेको छैन। त्यसकारण यसपाली हामीले खानेपानी मन्त्रालयले अगाडि बढेको छ र त्यो २८० वटा ओभरहेड खानेपानी टैङ्क एकवर्षमै सञ्चालन गर्ने गरी हामीले प्लान अगाडि बढाएका छौं। यो कुरा मैले सम्मानित सदनमा जानकारी गराएँ। र चालु आर्थिक वर्षमा अर्थमन्त्रालयबाट बहुवर्षीय स्रोत सहमति लिई तराई मधेसमा ३८ वटा खानेपानी आयोजनाहरूको कार्य अगाडि बढेको छ। त्यसमा धेरैजसो ठेक्का भइसकेको छ र धेरैचाहिँ पाइपलाइनमा छ। त्यो अगाडि बढेको छ यो कुरा मैले सम्मानित सदनमा जानकारी गराएँ। त्यसैगरी जुन पहाडमा हामी हेरेका छौं। जब देशमा भूकम्प आयो २०७२ मा २०७२ पछि धेरै मुहानहरु सुक्दै गयो। त्यसको लागि हामीले खानेपानी मन्त्रालय र ICIMOD को सहकार्यमा हामी ICIMOD सित MOU गरेका छौं। र विज्ञ टोली सहित त्यो मुहानहरूलाई कसरी जीवित गर्ने, पुरानो स्थितिमा कसरी फर्काउने त्यसको लागि खानेपानी मन्त्रालय एकदमै तिव्र गतिमा ICIMOD सित सहकार्य गरेर अगाडि बढेको छ। त्यसको संरक्षणको लागि हामीले त्यसमा एउटा टिम बनाएर नै अगाडि बढाएका छौं। र तराई मधेशका जिल्लाहरूमा भूमिगत पानीको सतहहरू पनि घट्दै गइरहेको छ। हामीलाई अवगत नै छ कि त्यसको लागि अब तत्कालको कुरा गर्ने हो भने त अहिले त केही चापाकलहरू पानी दिइरहेको छ। तर अब गर्मी त सुरु भयो। यही बैशाख जाँदा त्यो चापाकलमा एक थोपा पनि पानी आउँदैन। त्यसको लागि म पहिला पनि भने कि हामीले चाहिँ अब तत्काल चाहिँ डिप बोरिङ्गबाट पानी दिने र दीर्घकालीन रूपमा हामीले अब मधेशको हकमा दुईटा प्लान गरेका छौं। दुईटा प्लान मध्ये एउटा मकवानपुरको रासी खोला छ त्यसबाट हामीले पानी ल्याएर ट्रिटमेन्ट गरेर पर्सा, बारा, रौतहट लगायतको जिल्लाहरूमा हामीले पानी दिन्छौं। र अर्को हामीले जुन सुनकोशी डाइभर्सन छ। जुन सिँचाइको लागि चाहिँ त्यसमा पानी निकालिएको छ। त्यसको लागि हामीले सिँचाइ मन्त्रालय सित MOU गर्न गइरहेको छौं। र त्यहाँबाट पनि सुनकोशी डाइभर्सनबाट पनि हामी खानेपानीको लागि चाहिँ अब डिजाइनको प्रक्रिया अगाडि बढाएका छौं। र त्यो चाहिँ अब धनुषादेखि पर्सासम्म त्यसको पानी ल्याउँछौं त्यसको लागि त्यो दीर्घकालीन

प्लान हो। त्यो दुइटा प्लान मध्ये हामी अगाडि बढेको छौं। र सुरक्षित खानेपानीको सुनिश्चितताको लागि प्रत्येक खानेपानी प्रणालीमा chlorination Unit जडान गर्ने अगाडि बढाएका छौं। हामी तपाईंलाई अवगत नै छ। अहिले सुरक्षित पानी २७ प्रतिशत मात्र दिइरहेको छ। त्यसको अब एक वर्षमा नै हामीले ५७ प्रतिशत कसरी बढाउने त त्यसको लागि खानेपानी मन्त्रालय एउटा एक्सन प्लान बनाएर अगाडि बढाएको छ यो सम्मानित सदनलाई मैले जानकारी गराएँ। र स्वस्थ र गुणस्तरीय खानेपानी र सरसफाई सेवा सहज रूपमा उपलब्ध गराउन र ढल निकास तथा फोहरपानीको व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई ऐन, २०७९ मा तर्जुमा भएको छ। यो हामीलाई अवगत नै छ। ऐन २०७९ मा आयो। र नियमावली आएको थिएन। तर हाम्रै पालामा अहिले नियमावली पनि आइसकेको छ। र नियमावली अहिले हामी कार्यान्वयनमा लगेका छौं र खानेपानीको समग्र कुरा गर्ने हो भने अहिले देशभरी नै समस्या छ। त्यसलाई अब दीर्घकालीन रुपमा हामी समाधान गर्नको निमित्त कति मुहानहरू छ देशमा सबै मुहानहरूलाई संरक्षण गर्ने। संरक्षण गर्दै जाने। मुहानमा पनि राजनीति छ। वडाले भन्छ मेरो हो। उसलाई दिदैन पानी। अर्को वडामा जान दिदैन। त्यो पालिकाले भन्छ अर्को पालिकामा जान दिदैन। त्यस्तो दादागिरी अब चल्दैन। मुहान भनेको नेपाल सरकारको हो र यो मुहान नेपाली जनतालाई खानेपानी दिनको निमित्त नै हामीले संरक्षण गर्छौं। सुरक्षित गर्छौं। र नेपाली जनताको लागि हामीले सुरक्षित रुपमा घरघरमा पानी पुऱ्याउँछौं। त्यसको लागि हामी प्लान गरिराखेका छौं। यो कुराको मैले यो सम्मानित सदनमा जानकारी गराएँ। धन्यवाद।

(११:३५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब प्रश्नकर्ता माननीय सदस्यले पूरक प्रश्न सोध्न चाहनु भएकोले विषयमा केन्द्रित भई पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(११:३६ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू मार्फत मन्त्रीज्यूलाई मेरो पूरक प्रश्न। हिमाल, पहाड मुहान भएका पानी शुद्ध छन्। सफा शुद्ध पानी स्वस्थ जीवन भनिन्छ। आज पनि १९% मात्र जनताले गुणस्तरीय खानेपानी प्रयोग गरेका छन्। ८१ प्रतिशत जनतालाई गुणस्तरीय खानेपानी पुऱ्याउन कति वर्ष लाग्ला? द्रुत योजना बन्न सक्दैन माननीयज्यू?

(११:३६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय मन्त्रीज्यू।

(११:३६ बजे) **<u>माननीय खानेपानी मन्त्री श्री प्रदीप यादव</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूको प्रश्नको जवाफ म पहिले पनि दिइसकेको छु। अहिले पनि मैले केही कुरा क्लियर गर्न चाहन्छु। १९ प्रतिशत सुरक्षित पानी छैन हामीले २७ प्रतिशत चाहिँ त्योबाट पनि अगाडि बढिसकेको छौं। डाटा आउन मात्र बाँकी छ। २७ प्रतिशत सुरक्षित पानी हामीले अहिले दिईरहेको छौं। स्वच्छ पानी हामी दिइरहेका छौं र त्यसलाई चाहिँ एक वर्षभित्रमा हामीले ५७ प्रतिशत सुरक्षित पानी पुऱ्याउनको निमित्त मैले अघिनै भने त्यसको लागि हामीले चाहिँ प्लान बनाएर नै अगाडि बढेका छौं। त्यसमा माननीयज्यूलाई चिन्ता गर्नु पर्दैन। माननीयज्यूको चिन्ता जायज छ। तर खानेपानी मन्त्रालयले यसको लागि यसै वर्ष हामीले प्लान गरेर अगाडि बढीराख्याछ। त्यसलाई चाहिँ एक वर्षमा ५७ कसरी पुऱ्याउने त लक्ष्य सामान्य कुरा छैन भन्नुमा पनि जटिल छ। तर जटिललाई सहज कसरी गर्ने? खानेपानी मन्त्रालयले अगाडि बढेको छ। यसको लागि ४२,००० जुन हाम्रा खानेपानी उपभोक्ता समितिहरू छन्। तीनका साथ, तीनका सहयोग र केही दातृ निकायको साथ र सहयोग र नेपाल सरकार मिलेर हामी स्थानीय सरकार, प्रदेश सरकारको समन्वयमा हामी एक वर्षमा ५७ प्रतिशत सुरक्षित स्वच्छ खानेपानी नागरिकलाई पुऱ्याउँछौं। र त्यसपछि फेरि पनि त्यसको अर्को एक वर्षमा यो एक वर्षमा करिब करिब ६ अर्ब रुपैयाँको बजेट लाग्छ। ५७ प्रतिशत पुऱ्याउनको निमित्त। तर हाम्रो नेपाल सरकारले ढुकुटी पनि हेर्नु पर्छ। एकै वर्षमा चाहेर पनि सबै चिज पूरा हुँदैन। फेरि अर्को वर्षमा बाँकी कुराको चाहिँ हामी पूरा गर्ने नै छौं। त्यो कुरा माननीयज्यूलाई मैले अवगत नै गराएँ। र सुरुमा नै मैले कि हिमाली जिल्ला होस्। कि पहाडी जिल्ला होस्। पहाडी जिल्ला होस्। तराईँ मधेशको जिल्ला होस्। अब भूमिगत पानीको सतह तराई मधेशमा सुक्दै गएको छ। त्यसको अलग कारण छ। जलवायु परिवर्तनको पनि कारण। चुरेदोहनको कारण। जलवायु परिवर्तनको कारण र भूकम्पको कारण हाम्रो चाहिँ पहाडमा ..... पहाडी जिल्लामा, हिमाली जिल्लाहरूमा मुहानहरू सुक्दै गएको छ। जब देखि देशमा भूकम्प आयो। तबदेखि यो समस्या आएको छ भने विज्ञहरूको सुझाव र रिपोर्टमा पनि देखिएको छ। त्यसकारणले गर्दा हामी मैले पहिला पनि भने ICIMOD र खानेपानी मन्त्रालयले MOU गरेर त्यसको लागि अगाडि बढेको छ। त्यो मुहानहरू कहिले फिर्ता हुन सक्छ? जीवित हुन सक्छ त्यसको चाहिँ रिपोर्टहरू छन्। त्यसको लागि चाहिँ खानेपानी मन्त्रालयले अगाडि बढेको छ। त्यो मुहानलाई कसरी जीवित गर्ने, पुरानो अवस्थामा कसरी फर्काउने त्यसको लागि हामी काम गरिरहेको छौं। र देशै भरिको मुहान सुरक्षाको लागि यसपाली खानेपानी मन्त्रालयले Special बजेट राखेर नै अगाडि बढ्छ। र मुहान

भनेको नेपाल सरकारको हो। त्यसमा कसैले दादागिरी गरेर यो वार्डबाट त्यो वार्डमा पानी नजान दिने कुन राजनीति छ। त्यो राजनीति अबदेखि अन्त्य गर्छौं। धन्यवाद।

(११:३९ बजे) **सम्माननीय अध्यक्षः**- अब, माननीय मन्त्रीलाई आशन ग्रहण गर्न अनुरोध गर्दछु।

माननीय सदस्यहरू, माननीय सदस्य मदन कुमारी शाह (गरिमा) प्रस्तावक र माननीय सदस्यहरू सुमित्रा वि.सी, विष्णु कुमारी सापकोटा, गंगा बेलवासे, पुजा चौधरी र डा. अन्जान शाक्य समर्थक भई "मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी" संकल्प प्रस्ताव दर्ता गर्नु भएको व्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी संकल्प प्रस्तावमाथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८५ बमोजिम कुनै पनि माननीय सदस्यहरुबाट संशोधनको सूचना प्राप्त नभएको व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरू, अब संकल्प प्रस्तावका प्रस्तावक माननीय सदस्य मदन कुमारी शाह (गरिमा)लाई "मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी संकल्प प्रस्ताव" सभा समक्ष पेस गर्न समय दिन्छु। समय १२ मिनेट।

(११:४१ बजे) **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य गर्न आवश्यक नीति निर्माण तथा भएका नीतिमा समयसापेक्ष र आवश्यकता अनुसार परिमार्जन गर्ने बारेको सङ्कल्प प्रस्तावलाई महत्वका साथ प्राथमिकतामा राखेर आज छलफलमा ल्याइदिनुभएकोमा सम्माननीय अध्यक्षज्यू, माननीय मन्त्री र यस कार्यमा सहयोग गर्ने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै संकल्प प्रस्तावलाई समर्थन जनाएर यसको आवश्यकताबारे बोध गराउन साथ दिनुहुने माननीय सुमित्रा वि.सी, माननीय गंगा बेलवासे, माननीय विष्णु कुमारी सापकोटा, माननीय पुजा चौधरी र माननीय डा. अन्जान शाक्यलाई हार्दिक धन्यवाद दिन्छु। सम्माननीय अध्यक्षज्यू, प्रकृतिले पाठेघर भएका र पाठेघर नभएका दुईथरी मानव पृथ्वीलाई दिएको छ। हामी सबैलाई थाहा छ पाठेघर भएका शरीरबाट प्रत्येक महिना लगभग २८ दिनको चक्रमा रगत बग्ने गर्दछ। ठाउँ, जाति धर्म र सम्प्रदाय पिच्छे यो अवस्थालाई फरक फरक नामले सम्बोधन गर्ने गरिन्छ। बाहिर सरेकी, छुइ भएकी, छाउ भएकी, महारानी भएकी, छाउपडी, महिनावारी आदि आदि नाम दिएको पाइन्छ। धर्म, परम्परा र संस्कारका नाममा

छोइछिटो गर्ने गरिन्छ। फरक यति मात्र हो कतै धेरै त कतै थोरै हुन्छ। मध्यपश्चिम र सुदूरपश्चिम नेपालका केही भागमा देखिने विभेद छाउगोठमा छ भने नेपालका बाँकी भागमा घरभित्रको कुनामा देखिने विभेद छ। महिनावारी अवस्थाबारे ठाउँ परिस्थिति अनुसार नाम, तरिका, मात्रा र गाम्भीर्यतामा मात्र फरक छ। बार्नु र बार्न लगाउनु देशका लगभग ९५ प्रतिशत परिवारमा रहेको छ। सम्माननीय अध्यक्षज्यू, पुरुषहरु महिनावारी हुँदैनन्। यसको अर्थ महिनावारी महिलाले मात्र बारि रहेका हुन्छन् ? होइन, बालक पुरुष सबैले आमा दिदीबहिनी श्रीमती छोरी सँगसँगै बारिरहेका हुन्छन्। यस्ता सामाजिकको कु मान्यताका कारण पुरुषहरू पनि पीडित र प्रभावित भइरहेका हुन्छन्। तसर्थ यो महिलाको मात्र सवाल होइन। यो महिला पुरुष सबैको साझा सवाल हो। आफ्ना दाजुभाइबाट हाम्रा दाजुभाइबाट हामीले सुन्नेगरेका छौं। म त बार्दिन तर घरका महिला मान्दैनन्। महिलाहरू आफूँ बार्छन् र घरका सदस्यलाई पनि बार्न लगाउँछन्। त्यसैले बार्ने चलन हटाउन पहिला महिलालाई नै सचेत गराउनु पर्छ। सचेत हुनु र सचेत गराउनु राम्रो हो। तर यसो सोच्नु र भन्नु परम्परावादी र रुपान्तरण हुन नचाहने सोच हो। हाम्रो जस्तो सामाजिक र राजनीतिक शक्ति संरचना भएको समाजमा महिला मात्र सचेत भएर पुग्दैन। महिला पुरुष घर समाज र राज्य सचेत र संवेदनशील हुन जरुरी पर्दछ। अझ राज्य बढी जिम्मेवार हुन पर्दछ। महिनावारी विभेदलाई हामीले कसरी बुझ्ने त? महिनावारी विभेद भनेको जिन्दगी भर महिनावारीसँग जोडेको मौनता, निषेध, बन्देज, लाज, दुर्व्यवहार, हिंसा तथा साधन स्रोतबाट बञ्चित गराइने अवस्था हो। यो अवस्थाको अन्त्य गर्न महिनावारीको अवस्थालाई मर्यादित बनाउन आवश्यक छ। अब प्रश्न उठ्न सक्छ मर्यादित महिनावारी किनभन्ने? मानवअधिकारका मुख्य सिद्धान्त मर्यादा, समानता, स्वतन्त्रता र अविभेद हुन्। मर्यादाको अर्थ गौरव, प्रतिष्ठा र मान हो। अरूको अधिकारलाई उल्लङ्घन नगरी आफ्ना अधिकारहरूको उपभोग गर्ने वातावरण र अवस्थाहरूको सुनिश्चितता मर्यादाले गर्छ। तसर्थ महिनावारीको अवस्थालाई मानव अधिकारको दृष्टिकोणले विश्लेषण र सम्बोधन गरिनु मर्यादित महिनावारी हो। सम्मान जनक व्यवहार र गरिमायुक्त जीवन कानुनी सुरक्षा र सामाजिक न्यायको सुनिश्चितता लैङ्गिक समानता हिंसा भेदभाव र अपमान विरोधको सुरक्षा सुरक्षित स्वच्छ र सहज व्यवस्थापनको वातावरण र अधिकार दिनु मर्यादाका लागि अति आवश्यक छ। सम्माननीय अध्यक्षज्यू, नेपाल सरकारले विक्रम सम्वत २०७६ मङ्सिर अर्थात सन् २०१९ डिसेम्बर ८ बाट औपचारिक रूपले मनाउँदै आएको छ। धेरै दिवसहरू मनाउने प्रचलन विदेशबाट आयात भएका छन् भने मर्यादित महिनावारी दिवस बनाउने प्रचलन नेपालबाट विदेश गएको छ। नेपालबाट सुरु भएको मर्यादित महिनावारी दिवस फ्रान्ससहित ११ देशले औपचारिक रूपमा मनाउने गरेका छन् भने ६५ भन्दा बढी देशमा अनौपचारिक रूपमा मनाइने गरिन्छ। यस अभियानका अभियन्ता राधा

पौडेल र सबै अभियन्तालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। सम्मान प्रकट गर्न चाहन्छु। हाम्रो संविधानको प्रस्तावनामा लैङ्गिक विभेद लगायतका सबै किसिमका विभेद र उत्पीडनको अन्त्य गर्ने। सामाजिक न्याय, मौलिक अधिकार र मानव अधिकारको अवधारणामा प्रतिबद्ध रहने सङ्कल्प गरिएको छ। संविधानको भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा १६ (१) ले सम्मानपूर्वक बाँच्न पाउने हक धारा १८ (२) ले समानताको हक, धारा २४ (१) ले छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २९ (२) ले शोषण विरुद्धको हक र ३० (१) ले स्वच्छ वातावरणको हक, धारा ३५ (४) ले स्वास्थ्य सम्बन्धी हक, धारा ३६ ले खाद्य सम्बन्धी हक, धारा ३७ ले आवासको हक, धारा ३८ ले महिलाको हक र धारा ३९ ले बालबालिकाको हक प्रत्याभूत गरेको छ। तथापि मौलिक हकहरू पूर्णता उपयोग गर्न पाउने कानुन बनेका छैनन्। बनेका कानुन पनि सम्पूर्ण छैनन्। संविधानले यति धेरै अधिकार प्रदान गरे पनि नेपालका सबै क्षेत्र, जाति, धर्म र समुदायमा मासिक रुपमा महिनावारी हुने बालिका, महिला र व्यक्तिहरू महिनावारी भएका बेला घर, परिवार र समाजबाट हुने विभेदबाट पीडित छन्। महिनावारी भएका बेला यो छुन हुने यो छुन नहुने यो खान हुने यो खान नहुने भान्छा कोठा पूजा कोठा जान नहुने आदि इत्यादी जस्ता नियम बनाएर बार्न लगाइन्छ यो विभेद हो। यस्तो विभेद लैङ्गिक हिंसा हो। मानव अधिकारको हनन् हो। मौलिक हकहरूको उल्लङ्घन हो। महिनावारी भएका बेला बालिका, महिला र व्यक्तिहरूले भोग्नु परेको सामाजिक बहिस्करण, हिंसा विभेद र विभेदका कारण हुने शारीरिक र मानसिक पीडा तथा असुरक्षाले उनीहरूको व्यक्तित्वको समग्र विकास अवरुद्ध हुने गरेको छ र घाटा परिवार, समाज र राष्ट्रलाई भएको छ। २०७८ सालको जनगणना अनुसार नेपालको जनसंख्याको करिब ५१ प्रतिशत पाठेघर लिएर जन्मेका व्यक्तिहरु छन् जसमध्ये धेरै सङ्ख्यामा महिनावारी हुने जसलाई mensuration पनि भनिन्छ। बालिका र महिलाहरू हुनुहुन्छ त्यसका अतिरिक्त यौनिक अल्पसंख्यक समुदायमा महिनावारी हुने व्यक्तिहरू जस्तै ट्रान्समेन र लेसबियन पनि हुनुहुन्छ। सृष्टिका लागि प्रजनन र प्रजननका लागि महिनावारी हुनु अनिवार्य हो। महिनावारीको अपरिहार्यता र महत्वलाई स्विकार र सम्मान गर्नुको साटो महिनावारीको अवस्थालाई हेयको दृष्टिकोणले हेरुनु साह्रै कमजोरी र असुद्धताको रुपमा लिनु छोइ छिटो र अलग्गै बसाउनु तथा स्रोत साधनबाट वञ्चित गराउनु उनीहरूलाई मानवको रुपमा स्वीकार नगर्नु हो र यसैको आधारमा उपरोक्त मानव अधिकार र मौलिक अधिकारको हनन गर्नु असमान शक्ति सम्बन्ध र पितृसत्ता कायम राख्नु हो। मौलिक हकहरूको प्रत्याभूति गर्न नसक्नु राज्यको असफलता हो। महिनावारीका बेला असमानता र असमानतापूर्ण गरिने व्यापार र विभेदलाई परम्परागत हानिकारक अभ्यासमा गोल मोटोल राखेर व्याख्या गरिनु महिनावारी विभेदलाई थप बढावा दिनु हो। कुनै पनि प्रकारको विभेदले सामाजिक मान्यता पाउनु र राज्य

टुलुटुलु हेरेर बस्नु दुःखद् हो। बहुमत संख्यालाई गरिने अन्यायपूर्ण विभेद सभ्य, सुसंस्कृत र न्यायपूर्ण समाज र राज्य निर्माणमा ठुलो अवरोध र चुनौति हो। तसर्थ महिनावारी हुने व्यक्तिहरुलाई मानवको रुपमा स्वीकार गर्न उनीहरूको मानव अधिकारको रक्षा तथा सम्पूर्ण व्यक्तित्व विकासका लागि उपरोक्त मौलिक हकहरू उपभोग गर्न आवश्यक नीति नियमावली, निर्देशिका र कार्यक्रम बनाउन र यस भएका कानुनमा समय सापेक्ष र आवश्यक परिमार्जन गर्न आवश्यक रहेको छ। सङ्कल्प प्रस्ताव प्रस्तुत गर्नु पर्नाको कारणः

१. महिनावारी विभेदलाई विभेदका रुपमा स्वीकार नगरिएको।

२. महिनावारीको अवस्थामा मानव अधिकार र मौलिक हक उपभोगबाट वञ्चित गरिएको।

३. मध्यपश्चिम  र सुदूरपश्चिम नेपालमा देखिने महिनावारी विभेद छाउपडी र समग्र महिनावारी विभेदलाई हानिकारक परम्परागत अभ्यासमा मात्र राख्दा महिनावारी विभेदको प्रणालीगत वहिष्करण, निषेध र पितृसत्तात्मक संरचनात्मक कायम नै रहेको। महिनावारीको बारेमा खुलेर कुरा नगरिनु। विद्यालयमा महिनावारी हुनु अगावै यसका बारेमा नपढाइनु र महिनावारीलाई लुकाउने र लाजको विषय बनाइनुले मौनताले प्रोत्साहित पाएको। मौनताले अपराध ढाकछोप गर्नु। महिनावारी विभेदका कारण महिनावारी हुनेहरू यौनिक, शारीरिक र मनोवैज्ञानिक शोषणमा पर्नु। महिनावारी विभेदका कारण महिनावारी हुनेहरू स्रोत साधन र सेवाबाट वञ्चित हुनु। महिनावारी विभेदले तनाव र द्वन्द सिर्जना हुने गरेको छ। महिनावारी व्यवस्थापनमा समस्या रहेको। महिनावारी विभेदका कारण मनोवल कमजोर हुन गएको। मानसिक स्वास्थ्यमा असर परेको। बाल अधिकार हनन भएको। बलात्कार हिंसा चिसोले कठ्याङ्ग्रिएर निस्सासिएर धेरै रक्तस्राव भएर जीवन गुमाउनु परेको विशेष छाउगोठमा भएको अवस्था। महिनावारी विभेद सबै क्षेत्र, समुदाय, जाति र धर्ममा रहेको तर सबैलाई सम्बोधन हुने नीति नबनेको। नेपाल सबै खालको लैङ्गिक हिंसा अन्त्यका लागि संयुक्त राष्ट्र संघीय पक्ष राष्ट्र भएपनि त्यस अनुसार अगाडि बढ्न नसकेको तसर्थ राज्यले निम्न सङ्कल्प गर्न आवश्यक रहेको छ।

१. भाष्य परिवर्तन गर्नेः नेपालमा १२५ भन्दा बढी भाषाभाषीका छन्। महिनावारीलाई प्रत्येक भाषामा बोलिने शब्द नीतिमा राख्न सकिँदैन। जुन शब्दले कुप्रथाको झल्को दिन्छ वा खास समुदाय वा क्षेत्रले अपहेलनाको रूपमा लिन्छ त्यस्ता शब्दहरूलाई स्थान दिनु हुँदैन। उदाहरणका लागि छाउपडी सुदूरपश्चिमको अछाममा बोलिने भाषा हो। छाउपडी शब्द औपचारिक रूपमा प्रयोग गरिँदा महिनावारी विभेद सुदूरपश्चिममा मात्र छ भन्ने बुझिन्छ जबकि यो सत्य

होइन। तसर्थ महिनावारीको स्थितिलाई बुझ्ने सम्झाउने साझा शब्द स्वीकार गर्ने र त्यस शब्दलाई प्रयोग गर्नु पर्छ। त्यो साझा शब्द महिनावारी हुन सक्छ। हो र हुनुपर्छ। मानव शरीरको रगत अशुद्ध हुँदैन तसर्थ महिनावारीको रगत पनि शुद्ध हुन्छ भन्ने भाष्य निर्माण गर्ने। मध्यपश्चिम र सुदूरपश्चिमका केही भागमा रहेको कु परम्पराका कारण छाउपडी अर्थात महिनावारी भएकी महिला र गोठ एक अर्काका पर्यायवाची जस्तै भएका छन्। बस्ने गोठ र सोचको गोठ भत्काउने र महिनावारीको परिष्कृत वैज्ञानिक भाष्य निर्माण गर्ने।

२. महिनावारीलाई मर्यादित बनाउने अर्थात महिनावारी भएको अवस्थालाई सहज र सम्मानपूर्वक स्वीकार गर्ने महिनाका ३० सै दिन एक समान बनाउने आवश्यकता अनुसार वातावरण र स्रोत साधन उपलब्ध गराउने। महिनावारी लाजको लुकाउने विषय नबनाई सम्पूर्णता र जीवन चक्रका लागि अपरिहार्य हो भनेर खुलेर स्वीकार र गर्व गर्ने सामाजिक चिन्तन र संस्कृति निर्माण गर्ने।

३. महिलाको उपस्थिति सबै ठाउँमा हुने हुँदा सम्बन्ध सबै नीतिमा मर्यादित महिनावारी अनिवार्य समावेश गर्ने। बालिका, महिला यौनिक अल्पसंख्यक र अपाङ्गता भएका सम्बन्धित सबैलाई सम्बोधन हुने मर्यादित महिनावारीका लागि रणनीति बनाउने। महिनावारी विभेदलाई सम्बोधन नगरेका थुप्रै ऐनहरू छन्। यी ऐनहरूलाई परिमार्जन गर्ने र मर्यादित महिनावारीका लागि थप नीति र कानुन निर्माण गर्ने र यस सम्बन्धी एकीकृत कानुन बनाउने। लैङ्गिक समानता र सामाजिक समावेशी करणको नीतिमा परिमार्जन गर्ने। मन्त्रालयमा मस्यौदलामा थन्किएको "राष्ट्रिय मर्यादित महिनावारी नीति, २०७४" लाई टुङ्गोमा पुऱ्याउने। २०७४ मा आएको महिनावारी कानुनलाई पूर्णता दिने। छाउपडी उन्मूलन निर्देशिका, २०६४ लाई विस्थापित गर्दै यसको स्थानमा वि स. २०७६ मा बनाइएको तर मन्त्रालयमा थन्किएको निर्देशिकालाई पूर्णता दिने र टुङ्गोमा पुऱ्याउने। महिनावारी अवस्थालाई मर्यादित बनाउन प्रति वर्ष राज्यले बनाउने बजेटका सिद्धान्त र प्राथमिकता, नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रममा मर्यादित महिनावारी शीर्षक राखिनुपर्ने। अन्त्यमा २१औं शताब्दीको लोकतन्त्रमा महिनावारी हेपिने र महिलालाई नियन्त्रणमा राख्ने हतियार बन्नु हुँदैन। तसर्थ यस सङ्कल्प प्रस्तावलाई समर्थन र पारित गर्न सम्माननीय अध्यक्षज्यू मार्फत सभामा म हार्दिक अनुरोध गर्न चाहन्छु। धन्यवाद।

(११:५२) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, अब संकल्प प्रस्तावका समर्थक माननीय सदस्यहरूलाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु। प्रत्येक समर्थक माननीय

सदस्यहरूलाई ५ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य डा. अन्जान शाक्य।

(११:५३) <u>माननीय श्री डा. अन्जान शाक्य (मनोनीत)</u>:- "मर्यादित महिनावारी समानता र सम्मानको लागि सङ्कल्प" सम्माननीय अध्यक्ष महोदय, आज म यहाँ एउटा अत्यन्तै महत्त्वपूर्ण विषयमा आफ्नो विचार राख्न उपस्थित भएकी छु। मर्यादित महिनावारी। यो संकल्प प्रस्ताव केवल एउटा नीतिगत दस्तावेज मात्र होइन। यो हाम्रो संविधानको भावना, सामाजिक न्याय र मानव अधिकारको जगमा उभिएको छ। हाम्रो संविधानले लैङ्गिक विभेद लगायत सबै किसिमका विभेद र उत्पीडनको अन्त्य गर्ने सङ्कल्प गरेको छ। धारा १६ देखि ४६ सम्मका मौलिक हकहरूले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति दिएको छ। तर दुःखका साथ भन्नुपर्छ यी हकहरु पूर्णरूपमा उपभोग गर्न पाउने कानुनहरू अझै बनिसकेका छैनन्। सम्माननीय अध्यक्ष महोदय, महिनावारी एउटा प्राकृतिक प्रक्रिया हो। सृष्टिको आधार हो। यसको वैज्ञानिक स्वरूप छ। तर विडम्बना नेपालका सबै क्षेत्र, जाति, धर्म र समुदायमा मासिक रूपमा शरीरबाट रक्तश्राप हुने प्रक्रियाबाट गुज्रिने बालिका, महिला र व्यक्तिहरू महिनावारी भएका बेला घर, परिवार र समाजबाट हुने विभेदबाट पीडित छन्। यो विभेद लैङ्गिक हिंसा हो। उनीहरुले भोग्नुपरेको सामाजिक बहिस्कार, हिंसा, विभेद र त्यसका कारण हुने शारीरिक र मानसिक पीडाले उनीहरूको व्यक्तित्व विकासमा अवरोध पुऱ्याएको छ। यो केवल महिलाको मात्र मुद्दा हैन। यो सिंगो समाजको मुद्दा हो।

सम्माननीय अध्यक्ष महोदय, नेपालको जनसङ्ख्याको करिब आधा हिस्सा महिनावारी हुने व्यक्तिहरू छन्। सृष्टिका लागि यो अनिवार्य छ। तर यसको महत्वलाई स्वीकार गर्नुको सट्टा यसलाई हेयको दृष्टिकोणले हेरिनु शारीरिक कमजोरी र अशुद्धताको रुपमा लिनु। छोइछिटो र अलग्गै बसाउनु तथा स्रोत साधनबाट बञ्चित गराउनु उनीहरूलाई मानवको रूपमा स्वीकार नगर्नु हो। महिनावारी विभेद लैङ्गिक हिंसा हो भन्दै गर्दा मानव अधिकारको पनि हनन हो। यसले असमान शक्ति सम्बन्ध र पितृसत्तालाई कायम राख्दछ। महिनावारीका बेला गरिने असमान तथा असमानपूर्ण व्यवहार र विभेदलाई परम्परागत हानिकारक अभ्यासमा मात्रै राखेर व्याख्या गरिनु महिनावारी विभेदलाई थप बढावा दिनु हो। यो संस्थागत असफलताको परिणाम हो। सम्माननीय अध्यक्षज्यू, के हामीले कहिले सोचेका छौं महिनावारी विभेदले बालबालिकामा कस्तो असर पारिरहेको छ? आमालाई महिनावारीको समयमा अलग राख्दा वालबालिकाले दुध खान पाउँदैनन्। उचित हेरचाह पाउँदैनन् उनीहरु असुरक्षित महसुस गर्छन्। आमालाई अछुत मानेर

छोइछिटो गर्ने संस्कारले बालबालिकाको मानसिकतामा नकारात्मक असर पार्छ। उनीहरूले सानै उमेरमा विभेद सिक्छन्। यो बाल अधिकारको गम्भीर उल्लङ्घन हो। महिनावारी हुने व्यक्तिहरुलाई मानवको रूपमा स्वीकार गरिनुपर्छ। उनीहरुको मानव अधिकारको रक्षा गरिनुपर्छ। आवश्यक नीति, नियम र कार्यक्रमहरु बनाउनुपर्छ र भएका कानुनहरूमा समय सापेक्ष सुधार गरिनुपर्छ। अब हामीले के गर्नुपर्छ त महिनावारीलाई हेर्ने दृष्टिकोण बदल्नुपर्छ। यो अशुद्ध होइन यो त जीवनको चक्र हो। मर्यादित महिनावारीका लागि सबै नीतिहरुमा समावेश गरिनुपर्छ विद्यमान कानुनहरूमा सुधार गर्नुपर्छ।लैङ्गिक हिंसा विरुद्धका अन्तर्राष्ट्रिय सम्झौताहरूको पक्ष राष्ट्र भए पनि नेपालले व्यापक समाधानहरू कार्यान्वयन गर्नुपर्दछ। त्यसैले महिनावारी रगतलाई प्राकृतिक मान्ने शब्दावली अपनाउनुपर्छ। सबै संरचनाहरुमा मर्यादित महिनावारीलाई समावेश गर्नुपर्छ यसर्थ म यस संकल्प प्रस्तावलाई समर्थन गर्दछु। यसलाई कार्यान्वयन गर्न हामी सबैको सामूहिक प्रयास आवश्यक छ। सम्माननीय अध्यक्ष महोदय, म यहाँ उपस्थित सबै माननीय सदस्यज्यूहरुलाई माननीय गरिमाज्यूले ल्याउनुभएको यो संकल्प प्रस्तावको समर्थन गर्न म हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

(११:५८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुमित्रा वि.सी.।

(११:५८ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज राष्ट्रिय सभामा दर्ता भएको सङ्कल्प प्रस्तावका बारेमा हामी छलफल गरिरहेका छौं। म माननीय मदन कुमारी शाह गरिमाज्यूले मर्यादित महिनावारीका लागि महिनावारी विभेद अन्त्य सम्बन्धमा सङ्कल्प प्रस्तावको हार्दिक समर्थन गर्न चाहन्छु। यहाँ थुप्रै कुराहरु आइसकेका छन्। म धेरै लामो कुरा गर्न चाहन्न। महिनावारीको रगत भनेको यो शुद्ध रगत भन्ने हामीले बुझ्दा बुझ्दै यो सृष्टिको संवाहक हो भन्ने कुरो बुझ्दा बुझ्दै यसलाई विभिन्न कारणले यसलाई अशुद्ध भनेर हामीले गाउँघरमा र सहरमा पनि बेग्ला बेग्लै तरिकाले यसलाई व्याख्या गर्ने गरिन्छ र यसलाई एउटा घृणाको रूपले हेर्ने गरिन्छ। छुवाछुत र छुन नहुने खान नहुने यावत कुराहरू अघि प्रस्तावक माननीयज्यूले सबै कुराहरु भनिसक्नु भएको छ। र हामीलाई संविधानले दिएका विभिन्न धारा अनुसार संविधानले दिएको अधिकारका विभिन्न धारा अनुसार हामीले व्यवहार गर्न सकिरहेका छैनौं र मानव अधिकारको रक्षा गर्न सकिरहेका छैनौं कतिपय बनाउनुपर्ने कानुनहरू बनाउन ढिला भएको छ र कतिपय बनेका कानुनहरू पनि कार्यान्वयन गरिरहेका छैनौं त्यही भएर हरेक ठाउँमा नेपाली महिलाहरू पीडित हुनुपरेको र

असमानता खेप्नु परेको कुराहरु हामी भुक्त भोगी छौं। र यो सृष्टिको रगतलाई मानव सृष्टिको रगतलाई सम्मान गर्नका निम्ति हाम्रो देशमा जुनसुकै कुरा पनि जतिसुकै राम्रो भएपनि कानुन नबनेर व्यवहारमा आउन अलि अप्ठ्यारो हुने भएको कारणले हामी यसलाई कानुन बनाउनतिर जोड गर्नुपर्छ भन्ने मान्यताका साथ यो संकल्प प्रस्ताव ल्याएका छौं। र यो महिनावारीको रगत शुद्ध रगत हो र यो मानव सृष्टिको रगत हो भन्ने कुरो बुझाउनका निम्ति पाठ्यक्रममा पनि तल्लो स्तरकै पाठ्यक्रममा पनि राख्नुपर्ने आवश्यकता महसुस पनि गरिएको छ र त्यसले पार्ने हानिका बारेमा पढ्ने लेख्ने बारेमा १२/१३ वर्षका बच्चीहरू महिनावारी भए भनेदेखि उनीहरुलाई पढाइको ध्यानभन्दा पनि यो अब कहाँ लुक्ने होला भन्ने ध्यानतिर जाने र मानसिक असर पर्ने र वृत्ति विकास गर्ने बेलामा पनि उनीहरूलाई मानसिक चोट पर्ने भएको कारणले यसलाई बेलैमा उपयुक्त कानुन बनाएर कार्यान्वयन गर्नका निम्ति म सरकार नेपाल सरकारसँग माग गर्न चाहन्छु। र यो असमानतालाई चिर्नका निम्ति हामी नीति बनाउने मान्छेहरू नीति बनाउने र कार्यान्वयन गर्ने तहमा रहेकाहरूले कार्यान्वयन गर्ने उपभोग गर्ने अभिभावकहरूले पनि त्यसलाई चेतना जगाएर चेतना बाँड्ने र यस्ता असमान कुराहरुलाई खारेज गर्दै यो सही हो र यो आवश्यक हो यदि मिन्स भएन भनेदेखि मान्छेको बालबच्चा जन्मिँदैन। र यो कुरो भएन भने कति बच्चाहरू भएन भने एउटा विवाहित जोडीलाई कति पीडा हुन्छ यी सबै कुराहरू बुझाउनका निम्ति हामी लाग्नुपर्नेछ र अन्त्यमा म पुनः यो संकल्प प्रस्तावको पुनः समर्थन गर्दै र मलाई लाग्छ हामी सबै अभिभावकै अभिभावक हुँ र अभिभावकले आफ्नो सन्ततिको लागि आज २१औं शताब्दीको सन्ततिलाई के चेतना दिने भन्ने कुरो पट्टी लाग्नेछौं भन्ने भनाइ राख्दै आफ्नो भनाइ टुंग्याउँछु धन्यवाद।

(१२:०३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१२:०४ बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, हाम्रो संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद लगायत सबै किसिमका विभेद र उत्पीडनको अन्त्य, समाजिक न्याय, मौलिक अधिकार र मानवअधिकारको अवधारणा प्रस्ट पारिएको छ। उक्त अवधारणामा प्रतिवद्ध रहनका लागि माननीय गरिमाज्यूले सङ्कल्प प्रस्ताव गर्नुभएको छ र जसमा हामीहरूले यो सङ्कल्प प्रस्तावमा समर्थन गरेका छौं। र मैले यो प्रस्तावको समर्थन गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, म यसलाई मेरै कथाबाट सुरु गर्न चाहन्छु। म स्वयं पनि त्यही व्यक्ति हो जो अवोध बालिका १३/१४ वर्षको उमेरमा प्रकृतिको नियमअनुसार

नै ठिक समय र अवस्थामा नै महिनावारी भएको रहेछु। तर मलाई यस बारेमा कुनै ज्ञान थिएन। मात्र मेरी आमा बाहिर अलग्गै बस्दा नछुने भएर हो भन्ने थाहा थियो। जब म पहिलो पटक महिनावारी भएछु। मलाई आँखा छोपेर जबरजस्ती कुनै एउटा अध्यारो गोठको कोठामा लगेर राखियो। जहाँ एउटा गुन्द्री र कम्मल मात्र थियो। त्यही गुन्द्री बिछ्याएर कम्मलमा बेरिएर रात र दिन बिताउनुपर्थ्यो। उज्यालोको नाममा खाना खाने बेलामा मात्र टुकीको उज्यालो देख्न पाइन्थ्यो ३ दिनसम्म सूर्य र पुरुष मर्दको मुख हेर्न हुँदैन भनी बाहिरबाट ढोकामा चुक्कल लगाएर राखिन्थ्यो। दिसा, पिसाब गर्न पनि रातिमा मात्र जानुपर्दथ्यो। खानेकुरामा पनि सुख्खा भात र तरकारी मात्र दिने जस्ता अमानवीय व्यवहारहरु कष्टकर दिनहरू सम्झिँदा आज पनि कहाली लाग्छ। सम्मानननीय अध्यक्षज्यू, म त एउटा पात्र मात्र हो। मजस्ता धेरै आमा दिदीबहिनीहरूले मैले भन्दा पनि बढी पीडाहरू भोग्दै आउनुभएको छ। भने कतिको त यसैका कारण ज्यान पनि गएको छ। म आज स्मरण गर्न चाहन्छु। मैले भोगेका र मेरा साथीहरूले पनि भोगेका मेरो जिल्लामा मेरो जिल्ला गुल्मीमा आजभन्दा पन्ध्र वर्ष अगाडि सञ्चारिका समूहका बहिनी गङ्गा खड्का, गगनशीला खड्का सँगै अन्य साथीहरु हामीले सुरक्षित महिनावारी भनेर निम्न स्तरको वर्ग र समाजमा पुगेर त्यहाँका महिलाहरूलाई र महिला श्रमिकहरूले काम गर्ने स्थानहरूमा र स्कूलहरूमा महिलाहरूले स्कूलहरूमा महिलाहरूले प्रयोग गर्ने प्याड र महिलाहरूको महिनावारीमैत्री शौचालयको व्यवस्था सम्बन्धी सुरक्षित महिनावारीको चेतनाका अभियानहरू चलाएका थियौं। जसले सुरक्षितका लागि त केही काम गर्‍यो। तर उपेक्षा र हिंसा भने रोकिएन आज पनि यो या त्यो बहानामा विभिन्न प्रकारका हिंसा र विभेदहरू भइराखेका छन्। त्यसकारण अब महिनावारीलाई मर्यादित महिनावारी नीतिगत रूपमै अगाडि बढाउनुपर्ने आवश्यक देखिएकोले निम्न देखिएकाले कानुन निर्माणका लागि यो सङ्कल्प प्रस्ताव दर्ता गरेका हौं। किनकि यसमा नेपालको जनसंख्याको करिब ५१% व्यक्तिहरु जसमध्ये महिलाहरूको संख्या धेरै छ। बहुमत सङ्ख्यालाई अन्यायपूर्ण व्यवहारले हाम्रो धर्म, संस्कृति, सभ्य समाज र राज्य निर्माणमा ठुलो अवरोध र चुनौती आउने भएकाले मर्यादित महिलामा महिनावारी मानवअधिकारकै हिस्सा भएकाले पनि यसलाई ससम्मान अगाडि बढाउनका लागि र कार्यान्वयनका लागि म सम्माननीय अध्यक्षज्यू मार्फत सरकारलाई अनुरोध गर्न चाहन्छु। र यो प्रस्तावको समर्थन गर्दछु। धन्यवाद जय नेपाल।

(१२:०८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१२:०९ बजे) **माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, २०८१ माघ १८ गते माननीय सदस्य मदनकुमारी शाह गरिमाले मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य गर्न आवश्यक नीति निर्माण तथा भएका नीतिहरूमा समय सापेक्ष र आवश्यकता अनुसार परिमार्जन गर्नको लागि सङ्कल्प प्रस्ताव दर्ता गर्नुभएको थियो। म त्यसको समर्थन गर्दछु। महिलाहरुले भोग्नु परेको सामाजिक बहिष्करणको रूपमा यो महिनावारी पनि रहेको छ यसले हिंसा थपेको छ। शारीरिक र मानसिक पीडा थपेको छ। सम्मानपूर्वक बाँच्न पाउने अधिकार हनन गरेको छ र महिला बालबालिकाहरूका मौलिक अधिकारमा पनि यसले हनन गरेको छ भन्ने कुराहरु म राख्न चाहन्छु। परम्पराका नाममा छाउपडी भन्ने केही जिल्लाको प्रचलन भएर त्यतैतिर हाम्रो ध्यान गए पनि यो विभेद देशैभरि छ। र सबै जातिहरूमा पनि छ। कतिपय जात जातिहरुमा जनजातिहरूमा नियमित चार दिन नबारे पनि केही ठाउँ केही क्षेत्रलाई त्यो अवधिमा सुरक्षित गरेर राख्ने गरिएको हुन्छ। केही विषयहरू नछुने भन्ने प्रचलन हुन्छ। त्यसो गर्दाखेरि सबै जातजाति र क्षेत्रहरूमा पनि यो प्रचलन छ भन्ने कुराहरु म राख्न चाहन्छु। यो महिला माथि हुने लैङ्गिक विभेद पनि हो। र यसलाई कानुनी रूपले सम्बोधन नगरेसम्म हल गर्न सकिन्न भन्ने कुराको हाम्रो निष्कर्ष पनि हो। जनसंख्याको हिसाबले ५१ प्रतिशतले यो प्रत्यक्ष भोग्न परे पनि तपाईं हामी यो हल भित्र भएका सबैजना यो सबैमा भएका सबैजना त्योबाट अछुतो छैनौं। पाका उमेरका अभिभावकहरूले समयमा खान नपाउने अवस्थाहरू छ। सानो बच्चाहरू आमासँगै महिनावारी भएर कुनामा बस्नुपर्ने, गोठमा बस्नुपर्ने असुरक्षित जीवन बाच्नु पर्ने अवस्था छ र परिवारका सदस्यले श्रीमती, छोरी, बुहारी एकैपटक महिनावारी भएको कारणले कतैतिर पाहुना लाग्नुपर्ने अवस्थाहरु परिवारमा सिर्जना भएको अवस्थाहरू पनि छन्। र छात्राहरूको कुरा गर्दाखेरि यो असाध्यै भयावह पनि छ। छात्राहरुलाई लुक्नुपर्ने, सूर्य र मर्दको मुख हेर्न नहुने भन्ने प्रचलनले गर्दा स्कूल छुट्ने कुरा स्वाभाविक छ। र हरेक महिना उनीहरूले आफ्नो पढाइलाई छोडेर ४ दिनसम्म घरमै बस्ने अवस्थाहरू पनि सिर्जना भएको हामीले देखिरहेका छौं। त्यसो गर्दाखेरि यो मानव समुदायमा मात्र यसले असर पार्दैन यो जनावरहरू गाईवस्तुहरू दुहुन नमिल्ने, खान नमिल्ने यस्ता प्रचलनहरूले गर्दा व्यवहारिक रूपमा यसले धेरै ठुलो असर परिरहेको छ। त्यसो गर्दा खेरी यसलाई कसरी हामीले व्यवस्थित गर्न सक्छौं र कसरी यसलाई नियमन गर्न सक्छौं भन्ने कुरा अहिलेको मुख्य विषय हो भन्ने कुराहरू म राख्न चाहन्छु। मानवअधिकारको कुरा, महिला अधिकारको कुराहरु बाल अधिकारको कुराहरुलाई सम्बोधन गर्न पनि महिनावारीलाई कसरी व्यवस्थित गर्ने र हामीले यसलाई छोइछिटोबाट अन्त्य गर्नुपर्छ भन्ने कुराहरु राख्न चाहन्छु र यो पाठ्यक्रमको कुरा हामीले गरेका छौं। आठ कक्षा नौं कक्षा दश

कक्षामा गएर अलि अलि पढाइ हुन्छ। र यो विषय तपाईंहरूले पढेर आउनु भनेर शिक्षकहरूले छोड्नु हुन्छ। त्यसो गर्दा त्यसको खास विषय के हो भनेर बुझ्नुपर्ने विद्यार्थीहरुले सकिरहेका छैनन्। यो विषयलाई कक्षा ३ देखि हामीले सुरु गर्नुपर्छ। र नियमित शिक्षामा लैजानु पर्छ र बच्चाहरूलाई सिकाउदै जाँदा खेरी यो गलत हो भन्ने कुराहरू हामीले सिकायौं भने उनीहरुले परिवारमा लगेर बाबा आमासँग यो डिस्कस गर्छन्। यो गलत हो कि ठिक हो भन्ने एउटा दृष्टिकोण बनाउन सजिलो हुन्छ। त्यसो भएको हुनाले यो विषय कक्षा ३ देखि पाठ्यक्रममा नियमित गरियोस् भन्ने कुराहरू म राख्न चाहन्छु। यस्तै गरेर महिलाहरुमा हुने अर्को समस्या भनेको मेनोपोज छ। मेनोपोज भनेको ४५/५० तिर महिलाहरूमा देखिने चिटचिहाटपन, स्वास्थ्यमा हुने गडबडी, हर्मोनमा हुने गडबडीका कारणले थुप्रै समस्याहरु झेल्नु परेको छ। यो कुराहरु पनि यो पाठ्यक्रममा व्यवस्थित गरेर जाँदाखेरि यो महिलालाई, समाजलाई, परिवारलाई र देशलाई पनि फाइदा हुन्छ र स्वास्थ्यमा महिलाको स्वास्थ्य राम्रो हुनु भनेको सिङ्गो समाजको स्वास्थ्य राम्रो हुनु हो। सिङ्गो समाज राम्रो हुनु हो भन्ने कुराहरु राख्दै म यो प्रस्तावलाई समर्थन गर्दै बिदा हुन चाहन्छु। हवस् त धन्यवाद।

(१२:१४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य पुजा चौधरी।

(१२:१४ बजे) **माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय सम्माननीय अध्यक्षज्यू, मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य भन्ने सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु। हाम्रो संविधानको प्रस्तावनामा पनि लैङ्गिक विभेदको अन्त्य गर्न २०७२ को संविधानले लैङ्गिक समानता र समावेशीकरणलाई मूल आधार बनाएको कुरा सर्वविदितै छ। सबै किसिमको विभेद र उत्पीडनको अन्त्य गर्ने सामाजिक न्याय, मौलिक अधिकार र मानवअधिकारको अवधारणामा प्रतिवद्धत रहने संकल्प गरेको छ। यसै सन्दर्भमा साकेत सुवेदीज्यूले लेख्नुभएको महिनावारीको विषयमा एउटा कविता भन्न चाहन्छु म यहाँ।

सन्दर्भ सबै नारीको हो।

कुरा महिनावारीको हो।

सन्दर्भ सबै नारीको हो।

कुरा महिनावारीको हो।

जन्मिदा लक्ष्मीको स्वरूप भनियो

तर पछि किन हेला गरियो।

हसिलो मुहार लिएर आइन यो संसारमा

अनजान थिइन् ती बालिका महिनावारीको विचारमा।

जब चुहिन थाल्यो रगतको खोला

पर राखियो उनलाई किन होला?

जब चुहिन थाल्यो रगतको खोला

पर राखिए उनलाई किन होला?

बुझ्न सकिन मैले यो समाजको रितिलाई

आखिर किन अशुद्ध भनिन्छ यो मानिस निर्माण हुने प्रकृतिलाई।

बुझ्न सकिन मैले यो समाजको रितिलाई

आखिर किन अशुद्ध भनिन्छ यो मानिस निर्माण हुने प्रकृतिलाई।

बिस्तारै चाल पाउँदै गए पनि समाजको अघि खुल्न सकिन

महिनावारी को दुखाइलाई भन्दा उनले परिवारको हेला भुल्न सकिनन्।

माया पाउने बेलामा पाएको त्यो घृणालाई उनले बुझ्न सकिनन्

हाँसोको विषय बनाइदिए महिनावारीलाई चार दिन छुनै नहुने बनाइदिए हाम्रा नारीलाई।

आखिर गल्ति के नै गल्ती नै के छ र यहाँ नारीको

आखिर गल्ती नै के छ र यहाँ नारीको

हाम्रो समाजभन्दा कति फरक छ त्यो हेर समुद्र पारिको संसार।

ए मेरो समाज, ए मेरो समाज कति बस्छस् लिएर अझ पुरानो सोंच

ए मेरो समाज कति बस्छस् लिएर अझ पुरानो सोंच

अब अघि बढ्न त खोज महिनावारीलाई अब बन्न नदे नारीको बोझ।

महिनावारीलाई अब बन्न नदे नारीको बोझ।।

हुन त यस कविताले पनि धेरै कुराहरु प्रस्ट पारिसकेका छन्। महिनावारी भएको बेला बालिका महिलाहरुले भोग्नु परेको सामाजिक बहिष्करण, हिंसा, विभेद र यसको कारणले हुने

शारीरिक र मानसिक पिडा र असुरक्षाले गर्दा पीडितहरू अझ पीडित हुने गरेको हुनाले यसलाई मर्यादित बनाउनुपर्छ र महिनावारी भएको बेला हरेक नारीले सम्मानित जीवनयापन गर्न पाउनुपर्छ भन्दै म माननीय मदन कुमारी शाह गरिमाज्यूले प्रस्ताव गर्नुभएको मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु। र यसलाई मर्यादित बनाउनु हामी सबैको कर्तव्य हो र महिनावारीलाई मर्यादित बनाउनको लागि चाहिने नीति, नियम बनाउन सबैलाई हार्दिक अपिल पनि गर्न चाहन्छु। र सुरुवात पनि आफ्नै घरबाट गर्न अनुरोध गर्दछु। धन्यवाद।

(१२:१८ बजे) **<u>सम्मानननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी सङ्कल्प प्रस्तावमाथि समर्थक माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब सङ्कल्प प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ। उक्त प्रस्तावमाथिको छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीलाई २ मिनेटभित्र उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूका लागि ३ मिनेटको समय निर्धारण गरेको छ।सर्वप्रथम माननीय सदस्य भगवती न्यौपाने।

(१२:१८ बजे) **<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्मानननीय अध्यक्षज्यू, आज मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी सङ्कल्प प्रस्ताव माननीय मदन कुमारी शाह "गरिमा" ज्यूले राख्नुभएको छ। र समर्थकहरुले समर्थन पनि गरिसक्नु भएको छ। र म माननीयज्यूले राख्नुभएको सङ्कल्प प्रस्तावमा म समर्थन गर्नका निम्ति उभिएको छु। र आफ्ना केही कुराहरू राख्न गइरहेको छु। माननीयज्यूले प्रस्ताव गर्ने सन्दर्भमा नै धेरै कुराहरु सविस्तार रूपमा राख्नुभएको छ। त्यसैले धेरै भन्नुपर्ने आवश्यकता त मैले ठानिरहेको छैन। उहाँले महिनावारी के हो? विभेद किन गरिन्छ? र यो कानुनी रूपमा नीतिगत रूपमा महिनावारी समस्यालाई समाधान गर्ने गरी र यसको विभेदको अन्त्य गर्ने गरी कानुनमा समेट्नुपर्ने विषयलाई समेत सविस्तार रूपमा राखिसक्नु भएको छ। त्यसैले म फेरि पनि उहाँको प्रस्तावलाई सम्मान गर्न चाहन्छु र समर्थन गर्न चाहन्छु। वास्तवमा यो महिलाको मात्रै समस्याको विषय होइन। यो पुरुषहरुको पनि समस्याको कुरा हो, पुरुषहरुको पनि सरोकारको विषय हो। यो राज्यको पनि सरोकारको विषय हो। त्यसैले गर्दाखेरि आज धेरै महिलाहरुले यो

विषयमा भोगेका भोगाइहरु पिडादायी भोगाइहरुको पनि चर्चा गरियो। मलाई लाग्छ मेरो एउटा मात्रै सुझाव हो। यस्तो विषयमा यो महिलाको मात्रै सवाल नभएको कारणले गर्दाखेरि समर्थकहरू राख्ने सन्दर्भमा पुरुष माननीयज्यूहरुलाई पनि सल्लाह गर्नुभएको भए बस्नुहुन्थ्यो होला। मलाई लाग्छ अहिले समर्थनमा केही कुरा राख्नु हुन्छ होला भन्ने मलाई विश्वास पनि छ। त्यसैले यो धेरै महिलाहरूले सबै आम महिलाहरूले भोगेका पीडाहरु हुन्। आज यही विषयमा पी.एच.डी. गरेर पहिलो पटक पी.एच.डी. गर्नुभएको डाक्टर राधा पौडेल हुनुहुन्छ। उहाँले अभियान सञ्चालन गर्नुभएको छ। सबैलाई जागरुक बनाउनुभएको छ। सबैलाई सचेत गराउनु भएको छ। म डाक्टर राधा पौडेललाई पनि अभियन्ता डाक्टर राधा पौडेललाई पनि सम्झिन चाहन्छु। स्मरण गर्न चाहन्छु र सम्मान व्यक्त गर्न चाहन्छु। वास्तवमा आज छाउगोठका नाममा छाउपडी प्रथा जुन मधेसमा धेरै कायमै छ यो अरु कर्णाली तिर पनि छाउपडी प्रथा छ र आज धेरै महिलाहरुले ज्यान दिन परेको अवस्था छ। धेरै महिलाहरु आज विभिन्न प्रकृतिका विभिन्न स्वरूपका विभेदहरू छन्। कहीं कतै कस्तो खालको स्वरूपका विभेद छन् काहीं अर्कै खालका स्वरुपको विभेद छन्। तर विभेद छ। त्यसैले गर्दाखेरि के यो बायोलोजिकलि पनि ठिक छ त भन्दा छैन विभेद ठिक छैन। त्यसैले गर्दा खेरी आज यसको अन्त्य हुन जरुरी छ। यो खालको बहसले विभेदलाई अन्त्य गर्नका निम्ति पनि एउटा सहयोग पुग्छ। त्यसले गर्दा खेरी पनि आज यो हाम्रो सम्मानित सदनमा जुन खालको बहस भएको छ जुन खालको छलफल भएको छ यो अत्यन्तै आवश्यक छ म त्यसकारणले गर्दाखेरि ..... (समय सकिएको)

(१२:२१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य कमला पन्त।

(१२:२२ बजे) <u>माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, यो अत्यन्त महत्वपूर्ण विषयलाई माननीय गरिमा शाहले सङ्कल्प प्रस्तावको रूपमा प्रस्तुत गर्नुभयो। समर्थक माननीयज्यूहरूले पनि आफ्नो विचार राखिसक्नुभएको छ। र सङ्कल्प प्रस्तावमा प्रस्तावकले सबै विषय समेट्नुभएको छ। र म समर्थन गर्नको लागि यहाँ उभिएको छु। र अहिले भर्खर वक्ता माननीयज्यूले भने झैं पुरुष माननीयज्यूहरूले पनि अवश्य पनि यसमा भाग लिनुहोला। नलिए पनि यसको समर्थनमा हुनुहुन्छ किनभन्दा यो महिलालाई मात्रै प्रभाव पारेको विषय होइन। सिंगो परिवार र समाजलाई प्रभाव पारेको र असर गरेको प्रभावमा यसको असर यत्रतत्र सर्वत्र छ। त्यसले गर्दा कसले कहाँबाट कसरी यो सुरुवात भयो भन्न भन्दा पनि अब हामीले कानुनी नै व्यवस्था गरेर यसलाई यसलाई वास्तवमै महिनावारी भनेको यो प्राकृतिक कुरा

हो भन्ने कुराको प्रमाणित गर्नुपर्ने अहिलेको आवश्यकता छ र अहिले मैले एउटा मात्रै कुरा राख्न असाध्यै जोखिमपूर्ण अवस्थाको बारेमा राख्न खोजेको। यो बालबालिकाहरू स्कूलमा भर्ना हुन्छन्। भर्ना भइसकेपछि केही उमेर पुगेपछि १०-११-१२ वर्ष अथवा seven eight क्लासमा पुगिसकेपछि बालिकाहरु ड्रपआउट हुन्छन्। बालिकाहरूको संख्या हामी विद्यालयमा जाउँ। enrollment को र ड्रपआउटको सङ्ख्या हेर्‍यौं भने यो अत्यन्त भयावह अवस्था छ। त्यसले गर्दा कारण के रहेछ त यिनीहरूको भने महिनावारी भइसकेपछि छुट्टै ट्वाइलेट पनि छैन। त्यो किसिमको छ समाधान पनि छैन। र बच्चाहरु बालिकाहरु विद्यालयको एउटा कुनामा कक्षाकोठाको बेन्चमा गएर कुनामा गएर बस्ने गर्दा गर्ने। र त्यो केटाहरुले केटा विद्यार्थीहरुले हँसी उडाइदिने। त्यो स्थिति भएको कारणले गर्दा यो अत्यन्त संवेदनशील विषय हो। यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ। सबै पक्षको संवेदनशीलताको हामीले अपेक्षा गरेका छौं र माननीय प्रस्तावकले राख्नुभएको प्रस्तावप्रति म समर्थन गर्न चाहन्छु धन्यवाद।

(१२:२४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य डा. बेदुराम भुसाल।

(१२:२४ बजे) <u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- धन्यवाद सम्माननीय अध्यक्षज्यू। यहाँ धेरै डर लागिराथ्यो। पुरुषहरूको नामै नआउने हो कि भनेर। महिलाहरूले आफैं महिलामय बनाइदिनु भो। यसमा म बास्तवमा समर्थक मात्र होइन। प्रस्तावकै बस् भने पनि बस्नेवाला थिएँ। तर भन्नु भएन। म त करिब करिब ५० वर्ष अगाडिदेखिने यो गलत हो भनेर लागेको मान्छे हो। मेरो परिवारमा आमाको पिँढीमा मात्रै आमाबुबाहरुको पिँढीमा मात्रै यो चलन थियो। अहिले छैन। त्यसकारणले यसको अभियन्ता बन्न पनि म तयार नै थिएँ। किनभने यो आजको सभ्य समाज जहाँ हामी एक्काइसौं सताब्दीको सभ्य समाज भन्छौं यो समाजमा यो महिनावारी हुँदा खेरी छुवाछुत जस्तो व्यवहार गर्ने कुरा एकदमै गलत कुरा हो, अवैज्ञानिक कुरा हो, यो अन्धविश्वासमा आधारित कुरा हो। आज मान्छेहरूले बडो धर्मको बखान गर्छन्। यो धर्महरुले फैलाएको व्यवहार हो यो। यसलाई पनि हामीले बुझ्न जरुरी छ। यो छुवाछुतजन्य व्यवहार जब हाम्रो यो वैदिक संस्कृतिको क्षेत्रमा र वर्णाश्रम व्यवस्था लागू गरियो तब देखिबाट लागू भएको लागू भएर आएको यो व्यवस्था हो। यो वास्तवमा गलत छ। यसलाई अन्त्य गर्नै पर्छ। त्यसका निम्ति खालि व्यवहार कानुनबाट मात्र होइन कानुनले मात्रै होइन। हाम्रो संविधानले भनौं कानुनले कतिपय सन्दर्भमा भनेको छ। र व्यवहारमा यो समस्या छ। यो व्यवहारलाई अन्त्य गर्नका निम्ति हामीले कदम चाल्नै पर्थ्यो।

यसका लागि जुन सङ्कल्प प्रस्ताव माननीयज्यूले ल्याउनु भाछ। यहाँहरूले पहिल्यै नभनेपनि आजै हामीले सुनेर भएपनि समर्थन गर्न पाइयाछ। यसको लागि माननीयज्यूहरुलाई धन्यवाद छ। प्रस्तावक समर्थक सबैलाई र यसलाई अब हामीले पारित गरेर जानुपर्छ। यो जुन छुवाछुतजन्य व्यवहार आज पनि महिनावारी हुँदाखेरि गरिन्छ त्यसको अन्त्यका निम्ति एउटा सहायक सामग्री बन्न सक्छ। त्यसका लागि सरकारले नीति निर्माण गर्नका लागि यो संकल्प प्रस्ताव एउटा सहायक सामाग्री बन्न सक्छ। त्यसअर्थमा यसलाई चाहिँ हामीले अगाडि बढाउन नै उचित हुन्छ। अगाडि बढाउने गरी जाने प्रस्ताव सहित यो संकल्प प्रस्तावलाई समर्थन गर्दछु । धन्यवाद।

(१२:२६ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१२:२७ बजे) <u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्ष महोदय, माननीय मदन कुमारी शाह गरिमाले प्रस्तावित गर्नुभएको यो संकल्प प्रस्तावलाई मैले समर्थन पनि गर्दछु र प्रस्तावक र समर्थकहरू सबै माननीयज्यूहरूले धेरै विषय राखी पनि सक्नु भएको छ। यो समाजमा हुने र लिंगिय हिसाबले महिला माथि हुने र सधै नीच प्रकृतिको विभेद जुन यो आदिम साम्यवाद तिर त यस्तो थिएन होला समाज विकासको क्रममा जब सामन्तवादको सुरुवात भयो र समाजका एकथरी मान्छेहरूले धर्मको आधारमा धर्मलाई नै आधार मानेर पाप र धर्म भन्ने विषय ल्याएर समाज सञ्चालनको सुरुवात गरे। त्यो सुरुवात गरिसकेपछि यस्ता खालका कुसंस्कार, विभेदयुक्त संस्कारको सुरुवात भएको हो र यसलाई एउटा धार्मिक हिसाबले धर्म ग्रन्थमा नै आधारित भएर समाजमा महिला माथि यो खालको विभेद लिंगिय आधारमा यो प्राकृतिक हिसाबले जुन महिनावारी हुने चाहिँ यो एउटा प्राकृतिक कुरा हो यो प्राकृतिक कुरालाई असाध्यै निकृष्ट ढंगको विभेदको रूपमा जुन स्थापित गरिएको छ यो समाजमा यसको अन्त्य हुनुपर्छ र महिलाहरूले सम्मानित ढङ्गले बाँच्ने एउटा आधार खडा गरिनुपर्दछ। यो छलफल बहस र यो सङ्कल्प प्रस्तावले नेपाली समाजको सन्दर्भमा आउँदाखेरि कानुन निर्माणको लागि एउटा महत्वपूर्ण आधारको रुपमा यसलाई लिन सकिन्छ र यसको लागि म प्रस्तावक माननीय र समर्थक माननीयज्यूहरूलाई मेरो आफ्नो तर्फबाट हार्दिक धन्यवाद र आभार पनि व्यक्त गर्न चाहन्छु।

यही सन्दर्भमा म एउटा विषय पनि राख्न चाहन्छु। यो सिराहाको औरही गाउँपालिकाका एकजना सफाई मजदुर दिपक मरिकको यो विष्णु महायज्ञ लगाउने भन्ने बहानामा उहाँको घर

भत्काइएको छ। यो पनि एउटा गम्भीर प्रकृतिको विभेद भएको कारणले गर्दाखेरि नेपाल सरकारलाई मेरो निवेदन छ, आग्रह छ एउटा संसदीय छानबिन समिति गठन गरियोस् दोषीमाथि कारवाही गरियोस् र पीडितलाई न्यायको व्यवस्था गरियोस् र म यो प्रस्तावलाई मेरो आफ्नो तर्फबाट समर्थन गर्दै बिदा हुन चाहन्छु। हवस् त धन्यवाद। अभिवादन।

(१२:२९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य गोपाल भट्टराई।

(१२:२९ बजे) <u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्षज्यू, हामी यो सङ्कल्प प्रस्ताव जो मानवता विरोधी समाजमा एउटा मानवता विरोधी विभेद छ। त्यो विभेदको विरुद्धमा ल्याइएको सङ्कल्प प्रस्ताव सर्वप्रथम त यसलाई पूर्ण रुपमा मैले समर्थन गर्न चाहन्छु। अब कुराहरू यो सङ्कल्प प्रस्तावमै धेरै आएका छन्। खास गरेर अहिलेको दुनियाँमा २१औं शताब्दीको जमानामा पनि एउटा छुवाछुतको अवस्थामा महिनावारीलाई छुवाछुतको अवस्थामा कायम राखिरहने कुरा यो असाध्यै हामीले कसरी यसलाई व्यवस्थापन गर्ने भन्ने कुरामा असाध्यै ध्यान दिनुपर्ने अवस्था छ। त्यसो भएर यो सङ्कल्प प्रस्ताव सङ्कल्प प्रस्तावको रुपमा मात्र होइन। यो त सर्वसम्मत रुपमै पारित हुन्छ। यसमा मलाई कुनै शङ्का छैन र यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा हाम्रा कानुनहरुमा कमजोरी छन् भने त्यसलाई सच्याउने र कानुनहरू भएका कानुनहरूलाई कार्यान्वयन गर्ने कुरा नै अहिलेको मुख्य कुरा हो भन्ने मलाई लाग्छ। अर्को कुरा अघि पनि उठिसक्या छ। खास गरेर यो यौनजन्य यौनसित पनि सम्बन्धित कुरा हो। त्यसो भएको हुनाले कमसेकम पाँच छ क्लासदेखि यौन शिक्षाको व्यवस्था गर्नुपर्छ भन्ने मलाई लाग्छ। त्यो नगर्दासम्म यसलाई चाहिँ व्यवस्थित गर्न सकिँदैन होला जस्तो लाग्छ। त्यसो भएको हुनाले यौन शिक्षाको नीति पनि यसै सन्दर्भमा हामीले जोड गरौं। यसै सित जोडेर लैजाउँ भन्ने लाग्छ। अब हामीले समग्र समाजलाई कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा यस्ता विभेदहरूलाई एउटा घरको परिवार ऊ अछुत हुने। त्यस्तो पनि अहिले समाजमा अझै चलेको छ। त्यो मात्रै होइन छाउपडी गोठहरू अझै पनि भत्काउने भत्काएका फेरी बनाउने सम्मका अवस्थाहरू सिर्जना भइराछन्। यसो भएको हुनाले यसतर्फ हामी सबै सचेत हुनुपर्छ भन्ने कुराहरु राख्दै यसलाई पूर्ण समर्थन गर्दै मेरा भनाइहरू अन्त्य गर्छु धन्यवाद।

(१२:३२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य जयन्ती देवी राई।

(१२:३३ बजे) <u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय, म माननीय मदन कुमारी शाह "गरिमा"ज्यूले राख्नुभएको मर्यादित महिनावारी विभेदको अन्त्य सम्बन्धीको सङ्कल्प प्रस्तावलाई पूर्ण रुपमै समर्थन गर्न चाहन्छु र सम्पूर्ण समर्थक माननीयज्यूहरूलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु। र यो प्रस्तावको सन्दर्भमा धेरै माननीयज्यूहरूले भनिसक्नुभएको छ। र यो अत्यन्तै अहिलेको अवस्थामा यो गम्भीर र यो अमर्यादित र यो सहन सकिने अवस्था छैन। आज यो राज्यको मात्र होइन परिवार, समाज यी सबैको दायित्व बन्न गएको छ र आज महिलाहरुको मात्र विषय होइन र एउटा संविधानकै विपरीत काम हो। आज योचाहिँ मानवअधिकार विपरीत र लैङ्गिक हिंसाको चरम स्वरूप हो भन्न म चाहन्छु। र अहिले आज हामी पक्कै पनि आज एउटा छोरी छाउपडीको गोठमा मरिरहँदाखेरि त्यो परिवारलाई सह्य हुँदैन। त्यो समाजलाई पनि सह्य नहोला। त्यसकारणले पनि यो सबैको दायित्व हो र यसलाई राज्यले एउटा अभियानको रूपमा लैजानु पर्दछ। र यसको निम्ति हरेक कानुनी रूपमा पनि व्यवस्था गरेर व्यवस्थित गरेर यसलाई मर्यादित मात्र हैन एउटा मर्यादित र त्यसलाई त्यत्तिकै सुरक्षित ढंगले व्यवहारमा चाहिँ मर्यादित र सुरक्षित ढंगले यो एउटा हुने त्यो त्यसको निम्ति यसलाई ग्यारेन्टी गरिने खालको कानुन पनि ल्याउन पर्‍यो। र यसलाई म सम्पूर्ण माननीयज्यूहरुलाई यही आग्रह गर्न चाहन्छु। यो सबैले यो प्रस्तावलाई यो सफल पारौं र यसलाई प्राप्तलाई पारित गरौं। र किनभने यो आज एउटा यो हाम्रो पूरै एउटा विभेदसँग कुरा आजको यो युगको प्रश्न पनि हो र आज यो सभ्य समाजको प्रश्न पनि हो। र अहिले यो समृद्धि समाज देखि लिएर सबै विभेदहरूको अन्त्य र सबैले सम्मानपूर्वक बाँच्न पाउने किसिमको आजको संविधानको कार्यान्वयन सबै हुनेछ भन्दै म अन्त्यमा प्रस्तावक, समर्थक सम्पूर्ण माननीयज्यूहरु सबै माननीयज्यूहरुलाई एकदमै positive भइदिनु भएकोमा धन्यवाद दिँदै मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु। धन्यवाद।

(१२:३५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य जग प्रसाद शर्मा।

(१२:३५ बजे) <u>माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, आज यो मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी सङ्कल्प प्रस्ताव माननीय मदन कुमारी शाह "गरिमा"ले पेश गर्नुभएको छ। यसमा प्रस्तावक माननीयज्यूहरूले महत्वपूर्ण कुराहरू राखिसक्नुभएको छ। मैले संक्षिप्तमा के राख्न चाहन्छु भने

हामीले राष्ट्रिय सभाबाट झन्डै आधा दर्जन बेसी सङ्कल्प प्रस्तावहरू पारित गरेका छौं। त्यो मध्येको एउटा महत्वपूर्ण सङ्कल्प प्रस्ताव भनेको सङ्घीयता कार्यान्वयन सम्बन्धीको प्रस्ताव हो। दोस्रो यो छुवाछुत दलित छुवाछुत सम्बन्धीको प्रस्ताव हो। र तेस्रो यो महिनावारी विभेदको अन्त्य सम्बन्धीको सङ्कल्प प्रस्ताव जे आएको छ यो आफैमा समस्याको पहिचान गर्ने हिसाबले र समाधान गर्ने हिसाबले एउटा महत्वका साथ आएको छ। म धन्यवाद दिन चाहन्छु। र यो प्रस्तावको सङ्कल्प प्रस्तावको समर्थन गर्न चाहन्छु। यो समस्याको मूल जरो। मतलब राज्य हो। राज्यले बनाएको नियम, कानून हो र संस्कार हो। यसको मुख्य अर्को कारण भनेको पुरुषहरु पनि हो। र यो समस्याको मुख्य अर्को कारण मध्येबाट महिला पनि अपवाद हुँदैन। त्यसैले एउटा भनाइ छ "समुद्र हौ नारी तिमी प्यासी नबन, सिर्जना हौ नारी तिमी दासी नबन" भन्ने एउटा भनाइ छ। र यस्तै प्रकारले यो सङ्कल्प प्रस्तावमा एउटा वाक्य लेखिएको रहेछ। "सृष्टिका लागि प्रजनन र प्रजननका लागि महिनावारी" यो एउटा अनिवार्य विज्ञान सम्बत सवाल यहाँ जोडेर यो उल्लेख गरिएको छ। तसर्थ हाम्रो संविधानले ७२ को संविधानले जुन व्यवस्था गरेको महिला हक सम्बन्धीको जुन व्यवस्था छ त्यो व्यवस्थालाई ठिक ढंगले कार्यान्वयन गर्नका निम्ति कानुनहरूको अभावका कारणले यो कार्यान्वयन हुन पाएको छैन। र यसको उपभोग हुन पाएको थिएन। त्यसैले यसको अन्त्य गर्नका निम्ति समावेशी, समानुपातिक सिद्धान्त हाम्रो जो छ त्यसलाई कडाई पूर्वक कार्यान्वयन गर्ने कुरा एउटा हो। हजारौं वर्षदेखि पारिएको पछि पारिएको महिलाहरूलाई विशेष अधिकार दिने कुरा दोस्रो हो। तेस्रो कुरा भनेको बहुआयामिक ढंगले महिला स्वयंले सङ्घर्ष गर्नुपर्छ। र चौथो कुरा सिंगो समाजलाई समाजवादको बाटोमा अगाडि बढाएर मात्रै यो समस्याको समाधान हुन सक्छ भन्ने कुरा मलाई लाग्दछ। र यो सङ्कल्प प्रस्तावले मैले दोहोऱ्याएर भन्न चाहन्छु समस्याको पहिचान गरेको छ। समाधान गर्ने एउटा बाटो किन यो समाधान राज्य लागेरै हुने हो। राज्यले त्यो ढंगको नीति, नियम, कानुन बनाएर हुने हो। यसलाई अगाडि बढाउनका निम्ति कति दृढतापूर्वक मन्त्रालय, सरकार कति दृढतापूर्वक अगाडि बढ्न सक्छ र यसलाई कार्यान्वयन गर्न सक्छ भन्ने कुरामा भर पर्दछ। त्यसैले मैले यी कुराहरू राख्दै यो प्रस्तावको पक्षमा मैले आफ्नो ठाउँबाट दृढतापूर्वक समर्थन गर्न चाहन्छु। धन्यवाद।

(१२:३८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(१२:३९ बजे) <u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>:- सम्माननीय अध्यक्ष महोदय, यो मदन कुमारी शाह "गरिमा"द्वारा यहाँ प्रस्तुत गर्नुभएको सङ्कल्प प्रस्ताव "मर्यादित महिनावारीका लागि महिनावारी विभेद अन्त्य गर्न आवश्यक नीति निर्माण तथा भएका नीतिमा समय सापेक्ष आवश्यकताअनुसार परिमार्जन गर्ने" बारे। यस सङ्कल्प प्रस्तावमा हामी बोल्न गैरहेका छौं। "सृष्टिको लागि प्रजनन र प्रजननका लागि महिनावारी" हुनु प्राकृतिक नियम हो। महिनावारीको अपरिहार्यता र महत्वलाई स्वीकार गर्दै सम्मान गर्नुको सट्टा यसलाई "हेय" को दृष्टिले हेर्ने। अशुद्धताको रूपमा हेर्ने र छोइछिटो समेत गरेर अलगै राख्ने जुन परम्परा छ यो लैंगिक हिंसा मात्र नभएर मानवअधिकारको उल्लङ्घन समेत हो। अतः महिनावारी हुने व्यक्तिहरुको मानवअधिकारको रक्षा गर्न र उनीहरुको मौलिक हकको उपभोगका लागि आवश्यक कानुनहरू निर्माण र परिमार्जन गर्नका लागि ल्याइएको यो सङ्कल्प प्रस्ताव समय सान्दर्भिक अति आवश्यक विषय भएकोले म यो प्रस्तावलाई समर्थन गर्न चाहन्छु। र यस सन्दर्भमा यो महिनावारीको सन्दर्भ विशेष गरेर भारतीय उपमहाद्वीपमा विकास भएको हिन्दु सामन्ती व्यवस्था अन्तर्गत जुन एउटा जाति व्यवस्थाको विकास भयो वर्ण व्यवस्था हुँदै जाति व्यवस्थाको विकास भयो। त्यसभित्र विकास भएको यो भेदभावको एउटा श्रृखला हो। यसले उच्च जाति र दलित जातिको बीचमा मात्रै भेदभाव गर्दैन। महिला र पुरुषको बिचमा पनि भेदभाव गर्छ। र त्यति मात्र होइन ब्राह्मणहरूको बीचमा पनि भेदभाव गर्छ ब्राह्मण र क्षेत्रीको बीचमा पनि भेदभाव छ र क्षेत्री र जनजातिको बिचमा भेदभावको श्रृखला छ यो सामन्ती व्यवस्था र सामन्ती राज्य व्यवस्था मजबुत हुने र विकास हुने क्रममा जुन एउटा हिन्दु धर्म र संस्कारको आधारमा जुन किसिमको हिन्दु दर्शनले भेदभावपूर्ण एउटा दर्शन र समाज व्यवस्थाको विकास गऱ्यो। त्यसैको एउटा यो रूप हो महिलाहरूमाथि हुने छुवाछुत अन्तर्गतको भेदभाव। त्यो समाजमा विकास भएको जुन एउटा पितृसत्ता हो। पितृसत्तात्मक व्यवस्थाबाट मिश्रित यो छुवाछुत जो महिलाहरुलाई महिनावारी हुँदाखेरि गरिने छुवाछुतको एउटा रुप हो। त्यसैले यसलाई सिङ्गो दर्शन, सिङ्गो धर्म संरचना र हाम्रो हिन्दु धर्म दर्शनभित्र भएको रूढीवादी व्यवस्था र परम्परागत जुन कु संस्कार छ त्यससँग जोडेर हेर्नुपर्छ र (समय सकिएको).....

(१२:४२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य तारामान स्वाँर।

(१२:४२ बजे) <u>माननीय श्री तारामान स्वाँर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, हाम्रो समाजमा सामाजिक विभेदका विभिन्न श्रृखलाहरूले गहिरो जरा

गाडेको छ। त्यसमा पनि महिलामाथिको विभेद हाम्रो समाजमा सबैभन्दा बढी आक्रान्त छ। आज हामी महिलामाथि विभेदको एउटा पक्ष महिनावारी विभेदको पक्षमाथि छलफल गरिरहेका छौं। महिलाको जीवनमा एउटा निश्चित समयावधिमा हुने स्वाभाविक प्रक्रिया महिनावारीलाई लिएर महिलालाई विभेद गर्ने र सामाजिक, मानसिक र शारीरिक रूपले यातना दिने प्रचलन हाम्रो समाजमा यत्रतत्र रहेको छ। हुन त महिनावारी सम्बन्धी विभेदको पर्यायावाचीका रूपमा सुदूरपश्चिम त्यसमा पनि अछामलाई लिइन्छ। तर सबैभन्दा सभ्य र विकासित रहेको काठमाडौं उपत्यका लगायतका ठाउँहरूमा पनि यो प्रचलन भित्रभित्रै व्यापक रूपमा रहेको छ। सुदूरपश्चिममा यो विभेद बढी देखिनुको कारण त्यहाँ सामाजिक, शैक्षिक, आर्थिक र भौतिक विकास नहुनु नै रहेको छ। समग्रमा हेर्दा हाम्रो समाजको सोंच र दृष्टिकोण, परम्परागत र विभेदकारी हुनु नै यो प्रचलनको मुख्य कारण रहेको छ। समाजको सोंच परिवर्तन गर्न र महिनावारीलाई मर्यादित बनाई विभेदको अन्त्य गर्न सामाजिक, शैक्षिक र कानुनी व्यवस्था गर्न आवश्यक देखिन्छ। तसर्थ, माननीय मदन कुमारी शाह “गरिमा”ले मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी सङ्कल्प प्रस्तावलाई समर्थन गर्दछु र सबै माननीयज्यूहरूले यसलाई पारित गर्नुहुनेछ भन्ने विश्वास व्यक्त गर्दछु। धन्यवाद।

(१२:४४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य रुक्मिणी कोइराला।

(१२:४४ बजे) <u>माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्षज्यू, माननीय गरिमा शाहले सङ्कल्प प्रस्ताव गर्नुभएको छ। यसलाई म समर्थन गर्दछु। र समर्थन गर्ने सम्पूर्ण माननीयज्यूहरूलाई पनि धन्यवाद। मर्यादित महिनावारी हामी सबैको जिम्मेवारी हो। समाज रुपान्तरण गर्न, मानव अधिकार प्रवर्द्धन गर्न, प्रजनन स्वास्थ्यलाई सुधार गर्न सबैले आफ्नो आफ्नो ठाउँबाट जिम्मेवारी र जोखिमता उठाउनै पर्छ। कुनै पनि घरमा महिनावारी भएका बेला पानीको स्रोतहरू छुन हुँदैन। व्रत बस्न हुदैन । ब्रस गर्न हुँदैन। आफूले खाएको भाडा छुट्टाछुट्टै राख्नुपर्छ। भित्रको काम गर्न नहुने बाहिर खेतीको काम गर्न हुन्छ। यस्ता यस्ता कुराहरु गरिन्छन् भन्ने छ तर जुन बच्ची जन्मिन्छन् जन्मिने बित्तिकै पाठेघर र अण्डाशय सँगै लिएरै जन्मेका हुन्छन्। यो प्राकृतिक नियम हो। उमेर बढ्दै जाँदा १२/१३ वर्षमा केटाको जुङ्गादारी आउनुपर्छ। केटीको महिनावारी हुने कुरा आउन थाल्छ यो सबै तपाईं हामी सबैले जानेकै र भोगेकै कुरा हो। तर सानो उमेर देखि छोरीलाई महिनावारी हुँदा विभिन्न वाधा

अड्चनहरू लगाइन्छ। घर बस्न नहुने बाहिर बस्नुपर्ने देखि लिएर अब धेरै कुराहरु नगरौं अगाडि आइसके। तिमीलाई छुन हुँदैन। बाहिर बस्नुपर्छ। छोरीलाई बन्देज लगाइन्छ तर होइन उनीहरुको यो मेन्सुरेसन नियमले नहुने हो भने सृष्टि कसरी चल्छ होला? हामीले कल्पना गरौं त। यो शुरु देखि नै बार्ने चलन छ। पूजाआजा, चुलोचौका, भान्छाको काम लगाइँदैन तर छुँदा पनि केही हुँदैन। हामी जस्ताले बुझेका छौं। त्यसलाई संसदमा दर्ता गरी छलफल गरी व्यापक बनाएर लानुपर्छ। समाज परिवर्तन गर्ने हाम्रो जिम्मेवारी हो। र यसलाई मर्यादित महिनावारीलाई तपाईं हामी सबैले सफल बनाउनुपर्छ र पास गर्नुपर्छ भन्न चाहन्छु। हवस् त धन्यवाद।

(१२:४६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य घनश्याम रिजाल।

(१२:४६ बजे) **माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय मदन कुमारी शाह "गरिमा"ले यहाँ पेश गर्नुभएको "मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी" सङ्कल्प प्रस्ताव माथि छलफल गर्दैछौं। यो मानवअधिकार र हाम्रो संविधानले सुरक्षित गरेको मौलिक हकका विरुद्धमा रहेको र हाम्रो समाजमा कलंकका रुपमा रहेको यो संस्कारले महिलाहरूको मात्र नभई सम्पूर्ण नेपाली समाज र हाम्रो देश नेपालको आधुनिक विश्वका सामु गलत म्यासेज दिएको छ। गलत हेराइ रहेको छ र यसले सम्पूर्ण आधुनिक विश्वका अगाडि नेपालीहरूको शिर झुकाइरहेको छ। यो कुनै न कुनै रूपले हामी नेपालीहरुको सम्पूर्ण घरमा नकारात्मक हिसाबले यसले असर पारिरहेकै छ। यसले महिला तथा बालबालिकाहरूको सम्पूर्ण वृत्ति विकासका साथै प्रजनन क्षमतामा समेत गम्भीर रूपमा असर पारेको छ। यसले महिलाहरूको, बालबालिकाहरूको आत्मसम्मान र आत्मविश्वासमा ठेस पुऱ्याएको छ। यसले वृत्ति विकास र आत्मसम्मानलाई अवरुद्ध गरेको छ। त्यसैले गर्दाखेरि माननीय मदन कुमारी शाह "गरिमा" ले राखेको यो प्रस्ताव स्वागतयोग्य छ। म यसको समर्थन गर्दछु। धन्यवाद।

(१२:४८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य नर बहादुर विष्ट।

(१२:४८ बजे) **माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय गरिमा शाहले राख्नुभएको महिनावारीको सङ्कल्प प्रस्ताव माथि

म समर्थन गर्न चाहन्छु। हिजो हाम्रो पुर्खामा, परम्परामा हाम्रो गाउँ घरमा जिया हुँदासम्म महिनावारी भइसकेपछि कस्तो प्रचलन थियो भनेपछि मैले आफूले अनुभूति गर्दाखेरी पाँचदिन भइसकेपछि एउटा वैज्ञानिक कारण त्यहाँ दैनिक डेली पुसको महिनाबाट नुहाउनु पर्ने थियो। त्यहाँसम्म वैज्ञानिक थियो। तर पाँच दिन पछि गाईको गहुँत ल्याएर तिल र जौ राखेर पातीको ल्याएर छोरीलाई तपाईंको हातमा पानी राखेर चखाएर अनि यो चोखिने परम्परा थियो। अहिले गर्दा खेरी के त भन्दाखेरी जुन खालको विभेदपूर्ण तरिकाले जुन खालको कष्टपूर्ण तरिकाले जीवन बिताउनुपर्ने अवस्था थियो। त्यसको बिस्तारै अन्त्य त हुँदै गइराखेको छ। तर अहिले पनि यो २१ औं सताब्तीमा जुन चाहिँ तपाईं संसार एउटा मोबाइलको एउटा सानो चिप्समा हुँदा खेरी पनि अहिले पनि हाम्रो सभ्य र नेपालको सबैभन्दा सभ्य सहर काठमाडौंमा पनि त्यस्ता खालका विभेदपूर्णहरु विभेदहरू अहिले पनि देखिन्छन्। त्यसैले यो समय र सापेक्षित रूपले गरिमा माननीयज्यूले जुन ल्याएको प्रस्ताव र समर्थन गर्ने माननीय महिला माननीयज्यूहरूले जुन खालको त्यसको बारेमा विस्तृत व्याख्या गरिसक्नु भएको छ। त्यसैले यसलाई तपाईंको दण्डनीय रूपमा, कानुनी रूपमा चाहिने निर्माण गरेर यो अहिले २१ औं शताब्दीको सभ्य समाजलाई अझ विकसित समाजको रुपमा विकसित गर्नको लागि यो सङ्कल्प प्रस्तावले अझ थप बल पुऱ्याउनेछ र यसले ससाना नानी बाबुहरूलाई पनि यसको एउटा शिक्षाको रूपमा यसलाई अगाडि बढ्नेछ। त्यसैले यो जुन खालको सङ्कल्प प्रस्ताव छ। यो विभेदकारीपूर्ण तरिकाले अहिले पनि थुप्रै गाउँघरमा अहिले पनि छाउपडी प्रथा छाउगोठ लगाउँदै जाने भत्काउँदै जाने। अहिले पनि परम्परा छ। तर त्यसको सधैंभरिको अन्त्यको लागि कानुनको रूपमा यसलाई चाहिँ अगाडि बढाइयोस् र बढ्नुपर्छ भन्ने मान्यता राख्दै म आफ्नो भनाई अन्त्य गर्छु। हवस् त धन्यवाद।

(१२:५० बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१२:५० बजे) <u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, नेपालको जनसंख्याको आधा भन्दा बढी सङ्ख्यामा रहेका मानवहरू मध्ये महिलाहरुले जीवनको एक समयमा महिनावारीको प्रक्रियाबाट गुज्रने गर्दछन्। यही विषय र यथार्थलाई समेटेर मर्यादित महिनावारीका लागि आवश्यक समय सापेक्ष नीति निर्माण गर्नको निम्ति, विभेदको अन्त्य गर्नको निम्ति यस सम्मानित सभामा दर्ता गरिएको सङ्कल्प प्रस्तावलाई म स्वागत र समर्थन गर्न चाहन्छु। नेपाली समाजको बनावट अलग र फरक छ। र जातीय अवस्था सामाजिक मूल्य मान्यता, सांस्कृतिक प्रचलन धर्म अनुसार फरक रहेको छ। सृष्टिको

सिर्जना प्रजननका लागि महिलाहरूको महिनावारी अनिवार्य रूपमा चाहिँ हुन्छ। नेपाली महिलाहरूले विभेद बेहोरेका हिंसाहरूमध्ये यो एक प्रकारको हिंसा पनि हो। परम्परागत हानिकारक मात्र हिंसा होइन। यो लैङ्गिय हिंसा हो भन्ने कुरा सावितै भइसकेको छ। त्यसैले यो महिनावारीकै बेलामा गरिने विभेदपूर्ण व्यवहारहरुको अन्त्यको लागि चलाइएका परम्परागत अन्धविश्वासहरूलाई तोड्न आवश्यक छ। र धारणामा परिवर्तन ल्याउन आवश्यक छ। हाम्रो समाजको बनावट पितृसत्तात्मक सामाजिक संरचनाबाट सञ्चालित अहिले पनि छ। हामीले केही कानुनहरु बनाएका छौं। तर मानसिकतामा परिवर्तन हुन सकेको छैन। र व्यावहारिक रूपमा कार्यान्वयन गर्नको निम्ति यो वैज्ञानिक रूपमा चाहिँ यसलाई परिभाषित गर्न आवश्यक छ। प्रकृतिले दिएको दिनलाई परिभाषित गर्ने मानव समुदायले कलंकको रूपमा स्थापित गरेको यो परम्परालाई तोड्न आवश्यक छ। आम रुपमा भन्नु पर्दा महिनावारीबाट व्यहोरी रहेका स्वयं महिला समुदायहरू आफै पनि सचेत हुन सकेका छैनन्। अभियानको सुरुवात आफैबाट पनि गर्न आवश्यक छ। स्वास्थ्यको ख्याल गर्ने उपयुक्तपूर्ण छुवाछुतको व्यवहारलाई आफैंले पनि चिर्न आवश्यक छ महिला समुदायले। सुरक्षित महिनावारी र स्वयं परिवारको दायित्व भित्रको कुराहरू हो। बालबच्चाहरूको पहिलो दायित्वको रुपमा परिवारलाई यो महत्व र स्वीकार गर्दै आवश्यक सचेतना स्वास्थ्यको र खानपानको ख्याल गर्न परिवारको सदस्यको भूमिका पनि महत्वपूर्ण रहेको छ। महिनावारी प्रतिको बुझाई एकै प्रकारको छैन। मानसिक रूपमा फरक छ। ठाउँ अनुसार जातिअनुसार सबैले महिनावारीलाई एकैरूपता लिएको छैन। यो हिसाबले अघिल्लो पुस्ताले भोग्दै आएको पीडालाई महिला समुदायले सामान्य रूपमा व्यहोरिरहेको छ। यो सामान्य हो महिला हुनु छोरी हुनमा केही छैन भनेर होइन। विश्वकहाँबाट कहाँ पुगिसक्यो। यो विभेदको कारणले आज हामीले धेरै छोरी चेलीहरू गुमाइरहेका छौं विभिन्न नाउँमा। मानसिकतामा रहेको छाउपडीको प्रथा, छुवाछुत सम्बन्धी प्रथालाई अन्त्य गर्नको निम्ति आफूबाट र समाजबाट यसलाई चिर्दै नीति निर्माणको तहसम्म पुऱ्याउने गरी ल्याइएको यो सङ्कल्प प्रस्ताव प्रति समर्थन गर्न चाहन्छु। धन्यवाद।

(१२:५३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य मनरुपा शर्मा।

(१२:५४ बजे) <u>माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, माननीय मदन कुमारी शाह "गरिमा"ले मर्यादित महिनावारीका लागि महिनावारी विभेदको यो प्रस्ताव सङ्कल्प प्रस्ताव पेश गर्नुभएको छ। उहाँहरूलाई मैले धन्यवाद

दिन चाहन्छु। जुन महिनावारी हामी आफैले पनि भोग्दै आइरहेका छौं। र जब महिलाहरू महिनावारी हुन्छन् र एउटा फूल बोटमा फुलहरू फुलिरहेका हुन्छन् त्यसको संकेत पनि महिला भएको त्यो सङ्केत हो। र जब महिलाहरूको महिनावारी हुँदै आउँदै गर्दा भित्र छुने कुरा, खाना बनाउने कुरा देखि लिएर दैलोबाट भित्र पस्न पाउँदैनन् र सामाजिक जुन छ हाम्रो पितृसत्तात्मक सोच अनुसार बाहिर काम गर्नुपर्छ। मेलापात जाने र ठुलठुला भारीहरू बोक्ने बाँझो खन्ने त्यस्ता खालको कामहरु लगाइन्छ। तर त्यो बेलामा पौष्टिक आहारहरू खाएर सरसफाई भएर बस्नुपर्ने रहेर बस्नु पर्ने आराम गर्ने बेलामा बाहिर काम गराइन्छ। यसले गर्दा पनि महिलाहरु अलि कमजोर हुने पाठेघरको समस्या पनि निम्तने यस्तो हुन्छ। अनि त्यो मात्र होइन। हामीले लगाउने लुगा खानपानमा मात्र हैन लगाउने लुगा पनि हामीले एउटा गोठमा कतै धनसारमा राखेका राखेका कपडाहरु नसुकाइकन लगाइन्छ। त्यसले गर्दा पनि महिलाहरूलाई पाठेघरको समस्या र विभिन्न खालका रोगहरू पनि निम्तिरहेका छन्। त्यसकारणले गर्दा मैले के हामी आफैले पनि बुझ्दै आएको भोग्दै आएको छौ यो विभेद हो। र विद्यालयमा यस्ता खालका शिक्षाहरू शिक्षक, शिक्षिकाले पढाउनुपर्छ। र विद्यार्थीहरुलाई यसलाई प्रस्ट पार्नुपर्छ। र यसलाई यो जुन सङ्कल्प प्रस्ताव छ। यसलाई मैले समर्थन गर्छु र माननीयज्यूहरुलाई धन्यवाद दिन पनि चाहन्छु । धन्यवाद।

(१२:५५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य गोमा देवी तिमल्सिना।

(१२:५५ बजे) <u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, गरिमा शाहले राख्नुभएको जुन यो महिनावारी सङ्कल्प यसलाई म समर्थन जनाउँछु पहिला नै। आज राष्ट्रिय सभामा धेरैजनाले यसलाई समर्थन जनाउँदै बोल्नुभयो। प्रस्तावक, समर्थक त महिलाहरु नै हुनुहुन्थ्यो। तर पुरुष माननीयज्यूहरूले पनि धेरैले यसलाई समर्थन गर्नुभयो। मलाई लाग्छ उहाँहरू पनि पीडित हुनुहुन्छ यस विषयले किनभने एकजना घरको महिला आमा या छोरी बुहारी महिनावारी भएर बाहिर निस्किदा खेरि त्यो घरमा चुलो तात्दैन। चुलो बल्दैन सानासाना बच्चाहरू स्कूल जाने हुन्छन्। ती बच्चाहरू स्कूल जाने भोकभोकै हुन्छन्। र पुरुषहरू भान्सामा गएर त्यो चुलो तताउने त्यति सधैं नगरेको हुनाले उहाँहरुको त्यति पारखीपन हुँदैन। त्यसैले गाउँमा गएर खेतालै खोजेर त्यो चुलो तताउनुपर्ने यस्तो खालको परिवेशमा हामी हुर्किरहेका छौं। यो आज जुन हामी एकाइसौं शताब्दीको बेलामा पनि हामी त्यसैमा रुमल्लि रहन हुँदैन भनेर यो जुन सङ्कल्प प्रस्ताव आएको छ। यो सङ्कल्प

प्रस्ताव हामीले यहाँबाट पास गरेर यसलाई यो हामीले मात्रै पास गरेर नहुने हो कि आज मान्छे अन्तरिक्षमा पुगेर ९ महिना त्यहाँ बिताएर हामी जस्तै महिला पृथ्वीमा आइसकेकी छन्। हामी अहिले पनि सूर्य र चन्द्रलाई पूजा गरेर बस्ने हामी महिलाहरु हाम्रो समाजमा विद्यमान छ। यसलाई अन्त्य गर्नको लागि हामीले एउटा नियम, कानुन बनाएर ऐनमै पास गरेर लग्यौ भने साँच्चै नै हामी अग्र गतिमा अगाडि बढ्नेछौं। यो छुवाछुतको पनि हामीले अन्त्य गर्न सक्नेछौं। धन्यवाद।

(१२:५८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य पदम बहादुर परियार।

(१२:५८ बजे) **<u>माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीय मदन कुमारी शाह "गरिमा"ले प्रस्ताव गर्नुभएको र माननीयज्यूहरूले समर्थन गर्नुभएको मर्यादित महिनावारीका लागि महिनावारी विभेद अन्त्य सम्बन्धी जुन सङ्कल्प प्रस्ताव आएको छ। म यसलाई मनैदेखि समर्थन गर्न चाहन्छु। सङ्कल्प प्रस्तावमा यसका विभिन्न आयामहरुको बारेमा राम्रोसँग चर्चा गरिएको छ। कसरी यसको समस्याको समाधान गर्न सकिन्छ भन्ने सन्दर्भमा राम्रोसँग यसलाई लिपिबद्ध गरिएको छ। र अहिले सभामा छलफल चलिरहँदा माननीयज्यूहरूले यसका विभिन्न पाटाहरुको बारेमा केलाउनुभयो मर्यादित महिनावारी महिलाको बारेमा कुरा गरिरहँदा एउटा अर्को महत्वपूर्ण पाटोलाई पनि हामीले सम्झिनुपर्दछ। त्यो के हो भने महिला भित्रको जुन डाइभर्सिटी छ विविधता छ। त्यो विविधताको कारणले गर्दा मर्याधित महिनावारी हुने सन्दर्भमा यसले धेरै असर पारेको छ। यसको मतलब के भने अति अशक्त अपाङ्गता भएका व्यक्ति अथवा पूर्ण असक्त अपाङ्गता भएका महिलाहरूले मर्यादित महिनावारीको अधिकार पाउने सन्दर्भमा यो असाध्यै चुनौतीपूर्ण र असाध्यै कठिन बन्दै गइरहेको छ। खासगरिकन यसको व्यवस्थापनको सन्दर्भमा हाम्रो परिवार, हाम्रो समाज र हाम्रो सरकारले जस्तो खालको नीतिगत व्यवस्थाहरु जस्तो खालको सहजीकरणहरू गर्नुपर्ने थियो त्यो गर्न सकिरहेको छैन। महिलाहरूको मर्यादित महिनावारीका लागि चाहिने आवश्यक सफा टालो देखि स्यानिटरी प्याडदेखि menstrual कप सम्मको कुरा आइरहँदा अहिले पनि यो धेरै महिलाहरूको लागि पहुँचमा छैन। पूर्ण असक्त र अति असक्त अपाङ्गता भएका महिलाहरूको लागि यी सामाग्रीहरू पहुँचयुक्त नभएको कारणले अहिले पनि महिनावारी असाध्यै झन्झटिलो बनेको छ। मर्यादित हुने कुरा त धेरै टाढाको विषय भयो। तसर्थ म यो सङ्कल्प प्रस्तावमा मर्यादित महिनावारीलाई व्यवस्थित गर्ने सन्दर्भमा के कस्तो खालको व्यवस्थापकीय प्रबन्धहरू कानुनमा गर्नुपर्दछ भन्ने

सन्दर्भमा पनि यसमा केन्द्रित भयो यो सङ्कल्प प्रस्ताव भनेर पनि प्रस्ताव गर्न चाहन्छु र यो प्रस्तावको म समर्थन गर्न चाहन्छु हस् त धन्यवाद।

(१३:०१ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य माया प्रसाद शर्मा।

(१३:०१ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय मदन कुमारी शाह "गरिमा"ले प्रस्तुत गर्नुभएको यो महिनावारी सम्बन्धी विषय सङ्कल्प प्रस्ताव जो छ यसमा धेरै माननीयज्यूहरुले प्रस्तुत गरिसकेपछि तिनीसँग मेरो धेरै कुराहरु सहमत नै छन्। त्यही नै हो। म त्यसलाई समर्थन गर्न चाहन्छु। प्रस्तावक, समर्थक र प्रस्तोता सबैको भनाइ प्रति। विशेष गरेर यो शब्दका हिसाबले पनि महिनावारी भन्दा महिना पारी हो कि पर सर्ने भनिन्छ। महिना पारी अलि सुहाउँदो जस्तो देखिने एउटा उस् पनि हुने भयो। र विशेष गरेर तिन्टा कारणले समस्याहरु बल्झेका। कानुनी प्रावधान जो पुराना ग्रन्थहरू थिए। तिनलाई हामीले कानुन मनुस्थिति त्यसपछि गएर विभिन्न प्रकारका पुराना कानुन प्रस्तुत्ता लेख लेखकहरुलाई पनि लेखितहरूलाई पनि हामीले कानुनी मान्यता दिने पछि पनि कानुनमा केहि समस्याहरू रहेको भन्ने त्यस्तो देखिने प्रावधानका हिसाबले। त्यसपछि गएर धार्मिक कुराहरु पनि छ। भैसी रुख चढ्छ। महिलाले महिनावारी भएको महिलाले दुध खाएपछि दहि खाएपछि भनेर भन्ने त्यस्तो त्यस्तो मन्दिरमा जानुहुन्न भएर भन्ने जस्तो हैन त्यसपछि गएर विभिन्न प्रकारका सूर्य र मर्दको अनुहार हेर्नु हुन्न भन्ने यस्तै किसिमको जो प्रावधानहरू छन्। यी कतै धर्मसँग जोडिएका विषयहरु अथवा समाजसँग पनि गलत हुन्छ सँगै रहँदा बस्दा काम गर्दा भएर भन्ने जस्तै यिनी पनि अलि सामाजिक ढंगले पनि विभेदपूर्ण जस्तो देखिने। यी चिजहरुलाई हामीले अलिकता केलाएर हेर्‍यौं भने जुन प्रकारका विभेदहरू छन् विभेद आफै हुँदैन कसैले बनाउँछ पहिले पनि थिएन बनाएकै हो। त्यसकारणले अबको वास्तविक रूपले पहल लिनुपर्ने हामीले सबैले जुन यो सुरुवाती भएको छ। कानुनी रुपले अहिलेको सन्दर्भसँग जोडेर अहिलेको परिवर्तनसँग जोडेर संविधानसँग जोडेर कानुन निर्माण गर्नुपर्ने कुरा र चिन्तनगत रुपले हस्तक्षेप गर्नुपर्ने कुरा जुन रुढीवाद छ अन्धविश्वास छ। कुरिति र कु संस्कार छ त्यसलाई पाली राख्नु हुँदैन। त्यसका विरुद्ध हस्तक्षेप गर्नुपर्छ। र सामाजिक रूपान्तरणका विषयहरुलाई अभियान चलाउनुपर्छ कारण के हो कसरी भो के भो भने कुरालाई चलायो एकसाथ हामीले लियौं भने यो विभिन्न प्रकारका विभेदहरूको अन्त्य गर्न सकिन्छ। र हामी भित्र हुनुहुन्न हामी यहाँ कति लागु गर्छौं कति लागु गर्दैनौ। माननीयज्यूहरू कानुन निर्माण गर्दाखेरि पनि हाम्रा

घर घरमा के हुन्छ घर र गोठ छट्टै हुन्छ कि कतिपय वैधानिक गोठ कतिपय अवैधानिक गोठ कसैको छाउपडी कसैको तल्लो तल्ला कसैको माथिल्लो तल्ला कुना कोच्चा के के हुन्छ। यसरी विभेद पनि भइराख्ने स्थिति हुन्छ यसलाई अन्त्य गर्नुपर्छ। धन्यवाद।

(१३:०४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य नारायण दत्त मिश्र।

(१३:०४ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, "यन्त्र नारी पुज्यन्ते तत्र देवन्ता रमते" नारीको पूजामा देवताहरू पनि खुशी हुन्छ। अझ पुराणमा के भन्या छ भने (संस्कृतको श्लोक) पूरा जगतभूमिका स्त्रीहरू जो छन् ती देवी रुप हुन्। त्यसकारणले मलाई लाग्दछ। यो देवी रूपलाई विभिन्न कारणबाट अशुद्ध भएका छन् भने उनीहरुलाई शुद्ध गर्नको लागि पनि यो एउटा यो एउटा ईश्वरले यो एउटा यो प्रथा दिएको हुनुपर्छ। सर्वप्रथम त म माननीय मदन कुमारी शाह "गरिमा"लाई मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी सङ्कल्प प्रस्तावमा पूर्णरूपले समर्थन गर्दछु। साथै अब यो प्रस्ताव आजभन्दा धेरै वर्ष अगाडि संसदमा पेश हुनुपर्ने थियो सङ्कल्प प्रस्ताव। ढिलो भएपनि मदन कुमारी शाहज्यूले यो प्रस्ताव ल्याउनु भाछ असाध्यै खुशीको कुरा हो। यो प्रस्तावले विभेद अन्त्य गर्ने कुरामा एक इट्टा अरू थप्नेछ। हुन त परिस्थिति कस्तो हुन्छ भने अहिले इवाट्ट हामीहरूलाई भ्यागुताको मासु खाउ भन्यो भने भ्यागुतो खाने देशहरू धनी छन्। हामीलाई हिचकिचाहाट हुन्छ। त्यसकारणले यो छाउपडी प्रथाको कुरा पनि हरेकको घरमा सधैं भरी मानी आएको कुरालाई एकै पटकमा छोड भन्दा पनि हामीले त्यसमा धर्म गुरुहरूको प्रयोग गर्नुपर्छ। धर्मगुरुहरूको प्रयोग के गर्नुपर्छ भने महिलावारी भएका बेलामा महिलाहरूले उपवास बस्दा उनीहरूलाई पुण्य हुन्छ। महिनावारी भएका महिलाले कुनै देवताको मठमा गएर पुजा गऱ्यो भने अझ ठुलो फल प्राप्त हुन्छ। त्यसैले यस्ता किसिमका कुनै धार्मिक परम्पराहरूलाई पनि हामीले मर्यादामा राख्न सक्यौं भने यस्ता कानुनहरू धार्मिक कानुनहरू विकसित गर्न सक्यौं भने अझ सजिलो हुन्छ। हुन त सुदूरपश्चिममा झन ए छाउपडी प्रथा छाउपडी प्रथा गोठै गोठ छ भन्छन्। मैले काठमाडौंमा छाउ भएको बेलामा ओडारमा बस्नेहरु पनि देखेको छु। अरू लाई जो हो क्यारे "जो होचो उसैको मुखमा घोचो" भनिकन सुदूरपश्चिम तिरै ज्यादा घोच्ने कुराहरु पनि देखिएको छ। तर तथापी जे सुकै होस् देशभरिबाट संसारभरिबाट संसारभरि भएका हिन्दूहरूमा यो प्रथाको अन्त्य गर्ने कुरामा सबैमा सबैमा कुनै न कुनै किसिमले विश्वास जागोस् र त्यो विश्वास

सुस्तरी प्रबल बन्दै जाओस् भनेर भन्दै आफ्नो छोटो कुरा यही टुङ्ग्याउँछु। हवस् त धन्यवाद। जय नेपाल।

(१३:०७ बजे) **सम्माननीय अध्यक्षः**- अन्त्यमा माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१३:०७ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टि, माओवादी केन्द्र)ः**- सम्माननीय अध्यक्ष महोदय, म सुरेश कुमार आलेमगर। लैङ्गिक हिसाबले एउटा पुरुष। तर आज महिलाहरूले अथवा यसो भनौं महिनावारीले झेल्ने व्यक्तिहरूले झेल्ने विशेष समस्यामा केन्द्रित यो सङ्कल्प प्रस्तावको पक्षमा जोडदार समर्थन गर्न उभिएको छु। सबभन्दा पहिले माननीय मदन कुमारी शाह "गरिमा" ज्यू प्रस्तावक र विभिन्न पाँचजना माननीयज्यूहरू समर्थक रहेको यो जुन संकल्प प्रस्ताव छ। यसको बारेमा के भन्न चाहन्छु भने मलाई पनि approach गरेको भए सायद म प्रस्तावक बन्थे होला। तर Now it is just too late. रेल गाडी छुटी सक्यो। त्यसैले म यसको छैटौं अघोषित र अदृष्य समर्थक। र यो समस्याको बारेमा महिनावारी हुने व्यक्तिले झेल्ने समस्याको बारेमा धेरै कुरा यो सङ्कल्प प्रस्तावमा नै छ। धेरै कुरा पूर्ववक्ता माननीयज्यूहरुले राखिसक्नुभएको छ। यो यो समस्याको बारेमा, यसको अन्त्यको बारेमा way forward भावी कदमहरूको बारेमा पनि राखिसक्नुभाछ। त्यसकारण म तेता तिर जानुपर्ने जरुरी ठान्दिन। ती सबै कुराहरूसँग मेरो सहमति छ। केहीँ कुरा राख्ने सन्दर्भमा के भन्न चाहन्छु भने यो महिनावारी त्यसैगरी गर्भधारण र सुत्केरी अवस्था यो विशिष्ट अवस्था चाहिँ महिलाहरुको लागि अत्यन्त संवेदनशील गम्भीर अवस्थाहरू हुन् र यसमा हामी पुरुषहरुले निश्चित रुपमा सहयोगी हुनुपर्ने हुन्छ र सकारात्मक सोंच राख्नुपर्ने हुन्छ र यो यस प्रकारको कुप्रथा जुन अमानवीय अपराधिक टाइपको पनि अवैज्ञानिक निच जुन छ। यसलाई अन्त्य गर्नका लागि पनि हामीले सहयोग पुऱ्याउनु पर्ने हुन्छ। यो दिशा त हामी पुरुषहरूले पुरुषको ध्यान जानुपर्ने हुन्छ। म आज यो यस अभियानको सुरुवातकर्ता डाक्टर राधा पौडेललाई हार्दिक धन्यवाद दिन चाहन्छु। र के पुरुष भइकन पनि म के स्वीकार्छु भने यो "कु" प्रथाको सुरुवात कुनै फटाहा शोषक सामन्त पुरुषले नै गऱ्यो होला। म राधा पौडेलज्यूलाई धन्यवाद दिँदै यस्तो "कु" प्रथा सुरु गर्ने पुरुषलाई र त्यो प्रथालाई अझै पनि मानिरहने पुरुषहरुलाई दुत्कार्न र दुत्कार्न चाहन्छु। र यस्तो एउटा सामान्य प्राकृतिक प्रक्रियालाईको सम्बन्धमा पनि यस्तो विभेद गर्ने जुन चलन छ। यसको अन्त्य हुनुपर्दछ। त त्यसको लागि निश्चित रूपमा पश्चगामी र प्रतिगामी विचार बोकेर हुँदैन। हामीले अग्रगामी र क्रान्तिकारी विचार बोक्नुपर्ने हुन्छ। यो पुरुषवादी समाजलाई ध्वस्त पारेर नयाँ

खालको समतामूलक समाज जहाँ कुनै पनि प्रकारको लिङ्गको आधारमा कुनै पनि प्रति समस्याको आधारमा प्रकृयाको आधारमा विभेद नहुने त्यस्तो समाज सृजना गर्ने तर्फ जानुपर्ने हुन्छ। त्यसैले त्यो चिन्तन त्यो चाहिँ सोच यो सबै अंगिकार गर्नका लागि पनि सबैलाई अनुरोध गर्न चाहन्छु र महिला विरुद्धको उत्पीडनका महिलामाथि हुने उत्पीडनका विरुद्धमा सधैं साथ छु भन्ने कुरा राख्न चाहन्छु। धन्यवाद।

(१३:१० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, "मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य" सम्बन्धी सङ्कल्प प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म, माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिसोर साह सुडीलाई उक्त सङ्कल्प प्रस्ताव माथिको छलफलका क्रममा उठेका विषयहरूको सम्बन्धमा जवाफ दिन समय उपलब्ध गराउँछु।

(१३:११ बजे) **माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री नवल किसोर साह सुडीः**- सम्माननीय सभाका अध्यक्षज्यू, मर्यादित महिनावारीका लागि विभेदको अन्त्य गर्न आवश्यक नीति निर्माण तथा भएका नीतिमा समयसापेक्ष र आवश्यकता अनुसार परिमार्जन गर्ने सम्बन्धमा माननीय सदस्य मदन कुमारी शाह "गरिमा" प्रस्तावक र माननीय सदस्य सुमित्रा बि.सी, माननीय सदस्य विष्णु कुमारी सापकोटा, माननीय सदस्य गंगा कुमारी बेलवासे, माननीय सदस्य पुजा चौधरी र माननीय सदस्य डाक्टर अन्जान शाक्य समर्थक भइ राष्ट्रिय सभा नियमावली बमोजिम सङ्कल्प प्रस्ताव पेश गर्न अनुमतिका लागि सूचना दिएको सन्दर्भमा मर्यादित महिनावारी महिलाहरूको जैविक संरचनाको कारण निश्चित उमेर समूह बीच प्राकृतिक रूपमा हुने मासिक धर्म तथा महिनावारीलाई अशुद्ध तथा अपहेलित गर्दै सामाजिकिकरण गरिएको छ। विशेष गरी सुदूरपश्चिम र कर्णाली प्रदेशका कालिकोट, डडेलधुरा, दैलेख, जुम्ला, हुम्ला, अछाम, बाजुरा, डोटी र बझाङ्ग आठ जिल्लाहरूमा सामाजिक विकृतिको रूपमा रहेको छाउपडी प्रथाको कारणले सार्वजनिक स्थान धारा, बाटो, विद्यालय, मन्दिर आदि प्रयोग गर्न नपाउनुको साथै पोषणयुक्त खानेकुरा दुध, दही, घ्यू आदि खान नहुने मान्यता रहेको पाइन्छ। छाउपडी प्रथाले महिलाको सार्वजनिक, सामाजिक र आर्थिक अवस्थामा पारेको नकारात्मक असरलाई मध्यनजर गरी छाउपडी प्रथा विरुद्ध सर्वोच्च अदालतले २०६२ सालमा गरेको निर्णय नम्बर ७५३१ मा नेपाल सरकारको नाममा परमादेशसहितको फैसला २०६२ वैशाख १९ गते छाउपडी विरुद्ध निर्देशिका

बनाएर सम्बोधन गर्ने सर्वोच्चको आदेश अनुसार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले छाउपडी प्रथा उन्मूलन निर्देशका, २०६४ जारी गरेको तथा नेपालको संविधानको मौलिक हक अन्तर्गत भेदभाव तथा अपमानजनक व्यवहार वृद्धको अधिकार र मुलुकी फौजदारी संहिता ऐन,२०७४ ले छाउपडीलाई कसुरमा दर्जा गरेसँगै छाउपडी प्रथा आधिकारिक रूपमा छलफल, बहस र अभियानहरू सञ्चालन गरिएको छ। छाउपडी प्रथाको प्रभाव बालिका तथा महिलाको शारीरिक र मानसिक स्थिति कमजोर हुँदै गएको। विद्यालयमा नियमित अध्ययनमा जान बञ्चित गरीनाले शैक्षिकस्तरमा नकारात्मक प्रभाव परेको। घरबाट टाढा रहनुपर्दा भिन्न प्रकारको यौनजन्य अपराधबाट प्रताडित हुनुपरेको। जनावर, सर्प आदिबाट ज्यानसमेत जोखिममा पर्ने अवस्था आएको। महिनावारी भएको अवस्थामा स्रोतसाधन तथा पौस्टिक खानेकुरामा निषेध गर्ने सुदूरपश्चिम र कर्णाली प्रदेशमा अझ पनि छाउगोठमा बस्ने चलन केही स्थानमा काम नै रहेको छ जसका कारणले महिला तथा बालिकाको मृत्यु र बलात्कारका घटना अझ पनि आएको अवस्था छ। हालसम्म गरिएका कार्यहरू महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले, नेपाल प्रहरी सरकारी वकिल कार्यालय, स्थानीय तह, सामाजिक संघसंस्था, सामाजिक अभियन्ता, नागरिक समाज, प्राज्ञिक समूह, सञ्चार माध्यम लगायतको सहभागितामा छाउगोठ भत्काउने अभियान सञ्चालन गरेको जसमा कर्णाली प्रदेशको जाजरकोटमा एक, कालिकोटमा १५, सुर्खेतमा २९७ र सुदूरपश्चिम प्रदेशको बझाङमा २०, कैलालीमा ७९, बाजुरामा १६८ र अछाममा २२१ गरि  जम्मा ७७५ गरी जम्मा ७७५ छाउगोठ भत्काइएको। एकीकृत समन्वयात्मक रूपमा कानुन कार्यान्वयनको प्रयासका लागि मुलकी अपराध संहिता, २०७४ को प्रभावकारी कार्यान्वयन गर्न छाउगोठमा बस्ने प्रथा गर्ने गराउनेलाई  कानुनी दायरामा ल्याउने प्रयास भएको। समुदाय, प्रहरी साझेदारी मार्फत महिला हिंसा र छाउपडी "कू" प्रथा नियन्त्रणलाई उच्च प्राथमिकता दिई कार्यक्रमहरू सञ्चालन गरेको। समाजमा विद्यमान महिनावारी सम्बन्धी हानिकारक सामाजिक प्रथा र परम्परालाई अन्त्य गर्न तिन तहका सरकारको समन्वय र साझेदारीमा सचेतनामूलक र मनोसामाजिक परामर्शका साझा अभियान सञ्चालन गर्दै धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि किसिमबाट महिनावारीमा गर्ने भेदभाव, विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र सुसंस्कृत समाज निर्माणको लागि महिनावारीलाई स्वस्थ र मर्यादित बनाउन मर्यादित महिनावारी प्रवर्द्धन सम्बन्धी निर्देशिकाको मस्यौदा तयार गरिएको छ।

चालु आ.व.आ मा गृह मन्त्रालयले पनि सरोकारवाला मन्त्रालय सहित समिति गठन गरी छाउपडी प्रथा तथा महिनावारीका विषयमा अध्ययन गरी गृहमन्त्रीज्यूलाई प्रतिवेदन पेश गरेको छ। सम्माननीय अध्यक्षज्यू, मर्यादित महिनावारीका लागि विभेदको अन्त्य गर्न आवश्यक नीति

निर्माण तथा भएका नीतिमा समय सापेक्ष र आवश्यकता अनुसार परिमार्जन गर्ने सम्बन्धमा महिलाको अधिकार मानवअधिकारको विषय हुने हुँदा महिलाले पनि आत्मसम्मानपूर्वक बाँच्न पाउने मौलिक अधिकार हो। महिनावारी एक वयस्क महिलामा हुने नियमित र प्राकृतिक प्रक्रिया हो भन्ने साझा बुझाई स्थापित गर्नु अत्यावश्यक रहेको छ। महिनावारी वा सुत्केरी हुँदा धार्मिक, सांस्कृतिक र सामाजिक अवस्थामा महिलामाथि गरिने हिंसा, विभेद, शोषण र भेदभाव अन्त्य गर्नुपर्छ। महिनावारीका सम्बन्धमा विद्यमान हानिकारक सामाजिक प्रचलनलाई पूर्णतः निषेध निरूत्साहित गर्दै महिनावारीलाई मर्यादित बनाउनु पर्दछ। महिनावारी नियमित स्वाभाविक र विशेष अवस्था भएकोले पोषणयुक्त खाना, आराम, शारीरिक स्वच्छता उपलब्ध हुने वातावरणको सिर्जना गर्नु पर्दछ। महिनावारी प्रबर्धन सम्बन्धी निर्देशिकाको मस्यौदा तयार भएको तहमा मस्यौदालाई पूर्णरूप दिनको लागि मन्त्रालय दृढ संकल्पित छ। मर्यादित महिनावारी चक्र रजोनिवृत्त मेनोपोज सहितको विषयलाई सम्बोधन हुनुपर्नेछ।

अध्यक्ष महोदय, आज संसारमा जति मानव छ। त्यो बिना आमाको बिन महिनावारीको महिनावारीको उत्पन्न भएको छैन। सबै मनुष्यलाई उसको आमाले महिनावारीको पश्चात नै गर्भधारण गरेर पैदा गरेको छ। त्यसकारणले आज मैले राष्ट्रियसभामा हेरेको छु सम्पूर्ण राष्ट्रिय सभाका माननीयसदस्यज्यूहरू यसको समर्थनमा, यसको यस प्रस्तावको सङ्कल्प प्रस्तावको पक्षमा हुनु निश्चय रूपमा यो हाम्रो धर्म हो। हरेक पुरुष महिला सबैको धर्म हो। यस सम्बन्धमा जो हामीहरूको जुन धारणा छ। आज २१औं शताब्दी यसको कुनै प्रकारले पनि कुनै ढङ्गले पनि समर्थन गर्दैन जुन हाम्रो यहाँ प्रचलन छ। त्यसकारणले आज म सम्पूर्ण राष्ट्रिय सभाका माननीय सदस्यहरुलाई अध्यक्षज्यू मार्फत आफ्नो तर्फबाट धन्यवाद दिन चाहन्छु। धन्यवाद।

(१३:२० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी" संकल्प प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब "मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी" संकल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस्।

-"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ "मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी" संकल्प प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, सभाबाट सर्वसम्मतिले पारित "मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी" संकल्प प्रस्तावमा उल्लेखित विषयहरुको कार्यान्वयनका लागि माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीले सभामा व्यक्त गर्नुभएका प्रतिवद्धता समेतका आधारमा मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी संकल्प प्रस्तावमा उल्लेखित विषयहरूको कार्यान्वयनको लागि नेपाल सरकारलाई निर्देशन गर्दछु साथै संकल्प प्रस्तावमा उल्लेखित विषयहरूको अनुगमन गर्न सम्बन्धित विषयगत समितिहरूलाई निर्देशन गर्दछु।

माननीय सदस्यहरू, अब राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई "आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देशहरू सभा समक्ष जानकारी गराई टेबुल गर्न समय उपलब्ध गराउँछु।

(१३:२३ बजे) राष्ट्रिय सभा सचिव डा. सुरेन्द्र अर्याल:- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट पारित भएका विधेयकका सन्देशहरू प्राप्त हुनआएका छन्। अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२४ को उपनियम (१) बमोजिम उक्त सन्देशहरू सभा समक्ष जानकारी गराउँछु।

पहिलो सन्देश-

"श्री सचिव,

राष्ट्रिय सभा।

विषयः सन्देश सहित विधेयक पठाइएको।

संवत् २०८१ साल चैत ७ गते बिहीबार बसेको प्रतिनिधि सभाको बैठकमा भएको दफावार छलफल पश्चात् "आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१" लाई सभाले संशोधन सहित पारित गरेकोले प्रतिनिधि सभा नियमावली, २०७९

को नियम १२७ को उपनियम (१) बमोजिम सन्देश सहित विधेयक पठाइएको बेहोरा अनुरोध गर्दछु।

(हर्कराज राई)
सचिव
२०८१/१२/०७”

दोस्रो सन्देश-

“श्री सचिव,
राष्ट्रिय सभा।

विषयः सन्देश सहित विधेयक पठाइएको।

संवत् २०८१ साल चैत ७ गते बिहीबार बसेको प्रतिनिधि सभाको बैठकमा भएको दफावार छलफल पश्चात् “निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१” लाई सभाले प्रस्तुत रुपमा (संशोधन विना) पारित गरेकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२७ को उपनियम (१) बमोजिम सन्देश सहित विधेयक पठाइएको बेहोरा अनुरोध गर्दछु।

(हर्कराज राई)
सचिव
२०८१/१२/०७”

तेस्रो सन्देश-

“श्री सचिव,
राष्ट्रिय सभा।

विषयः सन्देश सहित विधेयक पठाइएको।

संवत् २०८१ साल चैत ७ गते बिहीबार बसेको प्रतिनिधि सभाको बैठकमा भएको दफावार छलफल पश्चात् “आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१” लाई सभाले प्रस्तुत रुपमा (संशोधन विना) पारित गरेकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२७ को उपनियम (१) बमोजिम सन्देश सहित विधेयक पठाइएको बेहोरा अनुरोध गर्दछु।

(हर्कराज राई)

सचिव

२०८१/१२/०७"

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२४ को उपनियम (१) बमोजिम उक्त सन्देशहरू यस सम्मानित सभा समक्ष टेबुल गर्दछु। धन्यवाद।

(१३:२६ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरु, अब सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१३:२६ बजे) माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१३:२७ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले प्रस्तुत गर्नु भएको "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा विधेयक र के हो माननीयज्यू? के विषय हो?

(१३:२७ बजे) माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९३ को व्यवस्थामा प्रतिस्थापन विधेयकको नाममा प्रतिस्थापन विधेयक भनी उल्लेख भएको हुनुपर्ने भनेर लेखिएको छ। आज प्रस्तुत गरिएको यसमा त्यो लेखिएको छैन। त्यसरी यसमा कसरी छलफल सुरु गर्न सकिन्छ? र जब कि अर्को विधेयक जो यहाँ प्रस्तुत भएको छ। त्यसको स्पष्ट रुपमा प्रतिस्थापन विधेयक भनेर लेखिएको

छ। यसमा त्यो नलेखिएको हुनाले यसमा छलफल गर्न सकिदैन भन्ने मेरो जिज्ञासा छ। नियमापत्ती छ।

(१३:२८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, माननीय सदस्यले उठाउनुभएको विषय र नियमावली यहाँ एउटा यो आएको सन्देश सहित आएको प्रतिनिधि सभाबाट हो। यहाँ अलिकति हामीलाई हिजो अस्ति देखिनै एउटा अप्ठ्यारो के परिराख्या छ भने प्रतिनिधि सभाको नियमावलीमा भएअनुसार प्रतिनिधिसभाले पठाउने हाम्रो नियमावलीमा फेरी अलिकति फरक पनि भइरहेको अवस्था भएको हुनाले यहाँ अलिकति बाझिएको पनि स्थिति छ। त्यसले गर्दा त्यसले गर्दा हामीले मान्ने भनेको राष्ट्रिय सभाकै नियमावली मान्ने कुरा पनि हो। त्यसले गर्दा यो जुन अहिले माननीय सदस्यले उठाउनु भएको छ। त्यसको बारेमा केही छलफल गर्न पर्ने भएको हुनाले १५ मिनेटलाई यो बैठक यहीँ स्थगित हुन्छ।

अर्को बैठक १५ मिनेटपछि बस्ने भनिएकोमा दोस्रो बैठक शुरु नभएकोले बैठक १५ अपरान्ह १ बजेर २७ मिनेटमा स्थगित भएको।

**स्थगित समयः- १३:२७**